लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly
वर्ष १८, अंक १६, २०८१ मंसिर ७ गते शुक्रबार (Nov. 22, 2024) मू.अ.क.नं.३०४९७३८१५ मूल्य रु.१०।- (संस्थागत रु.१५।-) website: www.nayabimarsha.com

## भौतिक पूर्वाधार मन्त्रीको 'एक्सन' शुरू



काठमाडौं/ यही महिनाभित्र रोकिएको काम शुरु नगरे नारायणगढ- बुटवल सडकको ठेक्का तोड्ने प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीले चेतावनी दिएका छन् । गत कार्तिक अन्तिम साता महेन्द्र राजमार्ग अन्तर्गत पर्ने नारायणगढ- बुटवल सडक खण्डको निर्माणमा भएको ढिलाइका कारण प्रधानमन्त्रीले आफ्नै निवासमा उक्त कुरा बताएका हुन् ।

उक्त छलफलमा भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहाल, रुपन्देही, नवलपरासी बर्दघाट सुस्ता पश्चिम, नवलपरासी (बदर्ताघाट सुस्ता पूर्व) का सांसद तथा जनप्रतिनिधिसँगको छलफलमा ओलीले यही मंसिर महिनाको अल्टिमेटम दिएका थिए । विश्व टप टेन भित्र पर्ने चाइना स्टेट कम्पनीले ठेक्का हात पार्न ठेक्का लिएको तर बिलोमा टेण्डर हालेपछि काममा ढिलाई गरेको जानकारहरुले बताएका छन् ।

बाँकी ७ पृष्ठमा

# उपनिर्वाचनमा होमिँदै दलहरु

## ■एमालेको प्रदर्शनी ■प्रसाइँ अनुसन्धानको घेरामा




भक्तपुर/ यही मंसिरको १६ गते स्थानीय निकायहरुमा रिक्त रहेका स्थानहरुमा उपनिर्वाचन हुँदैछ । उपनिर्वाचनको तयारीमा दलहरु होमिएका छन् । मंसिर २ गते उम्मेदवारको मनोनयन दर्ता भएको अवस्थामा प्रचारप्रसारका लागि समय कम नै रहेको छ। त्यसैले पनि दलहरु तथा स्वतन्त्र उम्मेदवारहरु पनि यो निर्वाचन आफ्नो पक्षमा ल्याउनका लागि जोडबलले प्रयास गरिरहेका छन् । निर्वाचनमा सबैजसो दलहरुले एक्लाएक्लै प्रतिस्पर्धा गर्ने भनी उम्मेदवारी पनि दिएकाले यो निर्वाचन धाँधलीमुक्त हुने अपेक्षा गरिएको छ । यसैगरी सबैजसो दलहरुले आफ्नै उम्मेदवार बनाएको स्थितिमा यो उपनिर्वाचनको परिणामले दलहरु के कस्तो अवस्था रहेका छन् भन्ने पनि देखाउने बताइन्छ। अघिल्ला स्थानीय निर्वाचनमा दलहरुले कहिले कोसँग त कहिले कोसँग 'गठबन्धन' गरी वास्तविक प्रतिस्पर्धा नगरेको अवस्था थियो ।

सत्तामा रहेका दलहरुले आपसी गठबन्धन गरी निर्वाचनमा होमिन थालेका थिए । यसक्रममा गत स्थानीय निर्वाचनमा नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी नेपाल, लोकतान्त्रिक समाजवादी पार्टी नेपाललगायतका सत्तारुढ गठबन्धनले धेरैजसो ठाउँहरुमा गठबन्धन गरेका थिए । यसैगरी नेकपा (एमाले) ले पनि विभिन्न स्थानहरुमा परिस्थिति अनुसार विभिन्न दलहरुसँग गठबन्धन गरेको थियो । यसरी भएको निर्वाचनमा आएका परिणामले दलहरुले पाएको सही मतको आंकलन गर्न गाह्रो अवस्था थियो ।

स्थानीय निर्वाचनमा समानुपातिक मतको व्यवस्था नहुँदा दलले पाएको वास्तविक मतको यकिन गर्न गाह्रो अवस्था थियो । कतै कुनै दलको मतमा अर्को दलको मत मिसिएको अवस्था थियो । यस्तो स्थितिमा कतिपय महत्वपूर्ण स्थानहरुमा स्वतन्त्र रुपमा उम्मेदवारी दिएका उम्मेदवारहरुले पनि विजयको माला पहिरिएका थिए। खासगरी काठमाडौं महानगरपालिका, धनगढी- धरान- जनकपुरधाम उपमहानगरपालिकाहरुमा प्रमुखमा स्वतन्त्र उम्मेदवारहरुले विजयको माला पहिरिएको अवस्था थियो ।यस्तो अवस्थामा दलले प्राप्त गरेको मत यकिन गर्न गाह्रो स्थिति देखिएको थियो ।

यसैगरी अघिल्लो निर्वाचनको समयमा बनेको सत्ता गठबन्धन अहिले फेरिएको छ। त्यो बेला सत्ता र प्रमुख प्रतिपक्षमा रहेका कांग्रेस र एमाले अहिले दुवै सरकारमा छन् । यसैगरी माओवादी केन्द्र, एकीकृत समाजवादी प्रतिपक्षमा छन् । गत स्थानीय निर्वाचनमा नजन्मिएको राष्ट्रिय स्वतन्त्र पार्टी त्यसपछि जन्मिएर

बाँकी ७ पृष्ठमा

## मंसिर १६ को उपनिर्वाचनको लेखाजोखा

काठमाडौं/ यही मंसिर १६ गते स्थानीय तहको उपनिर्वाचन हुँदैछ । उपनिर्वाचन ४४ वटा पदका लागि हुन लागेको हो । उपनिर्वाचनका विभिन्न पदमा चार सय बढी व्यक्तिले मनोनयन दर्ता गरेका छन् । नगर प्रमुख, गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र जिल्ला समन्वय समितिको प्रमुख गरी कुल ४४ पदका लागि निर्वाचन हुने भएको हो ।

यसमध्ये ओखलढुंगा जिल्ला समन्वय समितिको प्रमुखमा नेपाली काँग्रेसका उम्मेदवार टेकराज भट्टराई निर्विरोध निर्वाचित भैसकेका छन् । उता, कैलालीको जि.स.स. प्रमुखमा टिका कुमारी चौधरी काँग्रेसबाट निर्विरोध निर्वाचित भएका छन् । कीर्तिपुर नगरपालिकाको प्रमुख, गाउँपालिकाको उपाध्यक्ष र सबभन्दा धेरै वडा अध्यक्ष पदका लागि हुने निर्वाचनमा काँग्रेसले ४२ ठाउँमा उम्मेदवारी दर्ता गरिसकेको छ। यस पटकको उपनिर्वाचनमा पनि जनताको आशा र भरोसा एवं विश्वास काँग्रेसप्रति नै रहेकाले काँग्रेसले बढी सिट जित्ने भनी कांग्रेसका नेताहरुले दाबी गर्ने गरेका छन् ।

मंसिर १६ गते हुने उपनिर्वाचनका लागि निर्वाचन आयोगले सबै तयारी पूरा गरी सकेको बताएको छ। यता गृहमन्त्रालयले पनि शान्ति सुरक्षालाई मजबुत बनाएको छ। निर्वाचन मंसिर १६ गते विहान ७ बजेदेखि अपरान्ह ५ बजेसम्म सम्बन्धित मतदान केन्द्रमा मतदान हुने बताइएको छ।

संघ र प्रदेशका गरी ६ जना सांसद पदमा निर्वाचित व्यक्तिहरुमध्ये संघका दुईजना निर्वाचित, १ जना मनोनित र बाँकी दुईजना प्रदेश

बाँकी ७ पृष्ठमा

## देशलाई नशामुक्त घोषणा गर्न माग

ललितपुर/ भगवती मानव कल्याण सङ्गठनले आज मंसिर ७ गते नशामुक्ति जनजागरण पदयात्रा गर्ने भएको छ। यसअघि नशामुक्त नेपाल-समृद्ध नेपालको मूल नारासहित संगठनले काठमाडौं उपत्यका स्तरीय पदयात्राको आयोजना पनि गरिसकेको छ।



पदयात्राको माध्यमबाट तीन तहका जनप्रतिनिधि एवम् सरोकारवाला निकायलाई ज्ञापनमार्फत देशलाई नशामुक्त घोषित गर्न खबदारी गर्ने बताइएको छा आजको पदयात्रामा सयौं व्यक्तिहरु नशामुक्ति अभियानका अन्तराष्ट्रिय अभियन्ता सिद्धाश्रम-रत्न श्रद्धेय अजय अवस्थी र नेपाल सरकारका जनप्रतिनिधिहरुको साथमा करिब १० किलोमिटरको पदयात्रा गरिने कार्यक्रम राखिएको आयोजकले जनाएका छन् ।

कार्यक्रम अन्तर्गत संगठनले नशामुक्त नेपालका लागि हस्ताक्षर संकलन अभियान पनि शुरु गरिसकिएको छ। पदयात्रा ललितपुरको मंगलबजार, पाटन दरवार स्क्वायर क्षेत्रस्थित कृष्णमन्दिर प्रांगणबाट शुभारम्भ हुने बताइएको छ।

बाँकी ७ पृष्ठमा

## हट्ने चर्चा चलेका काँग्रेस र एमालेका मन्त्रीहरु



काठमाडौं/ राजनीतिक वृत्तमा नेपाली काँग्रेसका दुईजना र नेकपा ( एमाले) का दुई वा तीनजना मन्त्रीहरुलाई हटाइने चर्चा चलेको छ ।

काँग्रेस सभापति शेरबहादुर देउवा डडेलधुराको जिल्ला भ्रमण सकेर काठमाडौं फर्केलगत्तै प्रधानमन्त्रीको निवास बालुवाटारमा दुई नेताबीच यो विषयमा सहमति भएको समाचार श्रोतले बताएको छ । मध्य मंसिरमा चीन भ्रमणमा जान लागेका प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीले त्यस अगाडि नै मन्त्रिमण्डल पुनर्गठन गर्ने बताइएको छ। सुशाशासन र जनतालाई लाभपुग्ने गरी कार्य गर्न नसक्ने बरु उल्टै मन्त्री पदलाई कमाई खाने भाँडो बनाउने मन्त्रीहरुलाई हटाउने तयारी प्रधानमन्त्रीले थालेका जानकारहरुले बताएका छन् ।

पछिल्लो समय एमालेबाट मन्त्री बनेका भूमि व्यवस्था गरिबी निवारण तथा सहकारी मन्त्री बलराम अधिकारीलाई गत असोज १५ गते भएको सरुवामा असोज ३ गतेको मिति राखेर कर्मचारीहरुको सरुवा गर्दा करोडौं भोजन गरेको आरोप लागेको छ। भूमि व्यवस्थापन तथा अभिलेख विभागले गरेको सरुवामा महानिर्देशक कृष्णप्रसाद सापकोटाले व्यापक आर्थिक चलखेल गरी सरुवा भै सकेका छन् ।

यसैगरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीमाथि पनि स्थानीय तहमा कर्मचारीहरुको सरुवा गर्दा मोटो

बाँकी ७ पृष्ठमा

JANASHAKTI
By HR Capital Nepal

## सिजल एण्ड सिस्टर फाउण्डेशनको सहयोग



सिन्धुपाल्चोक/ बाढीपहिरोबाट पीडित तथा अति विपन्न परिवारलाई सिजल एण्ड सिस्टर फाउण्डेशनले सहयोग गरेको छ। फाउण्डेशनले बाढीपहिरोबाट पीडित तथा अति विपन्न परिवारलाई राहत वितरण गरेको हो ।

फाउण्डेशनले सिन्धुपाल्चोक जिल्लाको बलेफी, भोटेकोशी, जुगल र सुनकोशी गाउँपालिकाकाबाढी पीडित तथा अतिविपन्न परिवारलाई बढ्दै गएको जाडोलाई लक्षित गर्दै प्रत्येक परिवारलाई एक-एकवटा ब्ल्यांकेट तथा मृतक परिवारलाई जनही दश हजारका दरले तथा विपन्न परिवारलाई आर्थिक सहयोग शनिबारगरेको थियो ।

सिजल एण्ड सिस्टरका सल्लाहकार तथा पत्रकार राजेन्द्र लुइँटेल, गीतकार तथा पत्रकार गीता अधिकारी, गायक तथा संगीतकार

बाँकी ७ पृष्ठमा

## लुटधन्दा : उद्योग, कलकारखाना सबै बन्द !

**प्रसङ्गवश**



**रुषा थापा**

दुई दशकअघि राजधानीमा ट्रली बस चल्थ्यो । काठमाडौंको त्रिपुरेश्वरदेखि माइतीघर, नयाँ बानेश्वर, कोटेश्वर, कौशलटार, सल्लाघारीहुँदै भक्तपुरको सूर्यविनायकसम्म त्यो बस जान्थ्यो । त्यसपछि पुनः सोही रुटमा सञ्चालन हुन्थ्यो । २०३२ सालमा अनुदानस्वरुप चीन सरकारले झण्डै तीन सय वटा ट्रली बस दिएको थियो ।

बस सञ्चालन गर्न आवश्यक उपकरण पनि चीनले नै जडान गरिदिएको थियो । ट्रली बस विद्युतीय थियो । बसको माथि तार जोडिएको हुन्थ्यो । जसले विद्युत आपूर्ति गर्थ्यो । बिहान ४ बजेदेखि राति ९ बजेसम्म उक्त बस उपत्यकामा चल्थ्यो । एकातिर भाडा सस्तो थियो, अर्कोतिर पैसा दिएपछि टिकट पनि दिइन्थ्यो ।

यो बस चल्दा आम सर्वसाधारणलाई निकै सहज भएको थियो । राजनीतिक दलका नेता तथा कर्मचारीहरुले बस नै बेचेर खाए । ट्रली बसमा काम गर्ने कर्मचारीहरुले कम्पनी नै डुबाए । अनि आफूले चाँहि घडेरी जोडे । अहिले बेलुका ५ बजेपछि त्रिपुरेश्वरबाट भक्तपुर जाने गाडी सहजै पाइँदैन । केही गरी गाडी पाइहाले पनि खुट्टा टेक्ने ठाउँ हुँदैन ।

अर्कोतर्फ, सहचालक, चालक बढी भाडा असुल्छन् तर टिकट चाँहि दिदैंनन् । पञ्चायतकाल वा राजाको समयमा मुलुकमा थुप्रै उद्योग, कलकारखाना थियो । कपडादेखि, नेपाली कागज, जुत्ता, जुटमिल, चाइनिज इँटा, गलैंचा, गार्मेन्ट, सिमेण्ट, धागोलगायत नेपालमै उत्पादन हुन्थ्यो । सरकारी स्वामित्वका यस्ता उद्योग तथा कलकारखाना हजारौं थिए। अहिले सरकारी स्वामित्वमा उद्योग, कलकारखाना नै छैनन् । कतै भएपनि वर्षौंदेखि बन्द छन् । राजनीतिक दलका नेताहरुले सरकारी स्वामित्वका सम्पूर्ण उद्योग, कलकारखाना निजीकरण गरिरहेका छन् । जसका कारण आम सर्वसाधारण महँगोमा सामान खरिद गर्न बाध्य भएका छन् । त्यो पनि गुणस्तरहीन ।

सरकारकै उद्योग, कलकारखाना हुँदा त्यहाँ उत्पादन भएका बस्तु सहुलियत मूल्यमा पाइन्थ्यो । अहिले त्यो बेचिएपछि निजी व्यवसायीहरुको ठगीधन्दा मौलाएको छ। उनीहरु गुणस्तरहीन सामान उत्पादन गर्छन् । अनि मूल्य चाँहि एकदमै महँगो हुन्छ । अझ रोचक कुरा त के छ भने निजी व्यवसायीहरुले पनि यहाँ उत्पादन नगरी विदेशबाट सामान आयात गर्ने गरेका छन् ।

यहाँ आफूलाई उद्योगी भन्छन् तर विदेशबाट आयात गरिएको सामान

बाँकी ७ पृष्ठमा




- सडकमा सवारी चलाउदा लेन अनुशासन पालना गरौ, सवारी चलाउदा वा बाटो काट्दा मोबाइल फोनको प्रयोग नगरौ ।
- सडक हामी सबैको साझा सम्पति हो यसको संरक्षण र सम्बर्धन गरौ ।
- सवारी चलाउदा जथाभावी ओभरटेक नगरौ, ट्राफिक नियमको सदैव अनिवार्य पालन गरौ ।
- सडक बिभागको मापदण्ड तथा सवारी साधनको क्षमताको भन्दा बढी यात्रु/वजन नबोकौ ।

सडक बिभाग
हुलाकी राजमार्ग निर्देशनालय
बबरमहल , काठमाडौ ।

# शान्ति सम्झौताको १८ वर्ष: न्यायको प्रतीक्षामा पीडित

**– रमेश लम्साल**

द्वन्द्वका कारणहरूको खोजी गर्ने र पीडितलाई राहत तथा परिपूरण उपलब्ध गराउने लक्ष्यका साथ मुलुकमा शान्ति सम्झौता भएको आज १८ वर्ष पूरा भएको छ। सम्झौताअनुसार सशस्त्र द्वन्द्वबाट उत्पन्न विषम परिस्थितिलाई सामान्यीकरण गर्दै समाजमा शान्ति कायम गर्नका लागि मानवताविरुद्धको अपराधमा संलग्नको सत्य अन्वेषण गरी दोषीलाई कारबाही गर्ने उद्देश्य राखिएको थियो।

लामो राजनीतिक रस्साकस्सीका बीच सरकारले बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोग २०७१ माघ २७ मा गठन गर्‍यो। सरकार र द्वन्द्वरत पक्षबीच सम्झौता भएको साढे आठ वर्षपछि यी दुई आयोग बनेका थिए। दुवै आयोगले पीडितहरूको निवेदन लिने र क्षतिपूर्तिको सामान्य काम गरे पनि अरु प्रक्रिया अगाडि बढाउन सकेन। राजनीतिक दलबीच मतैक्य नहुँदा लामो समयसम्म शान्ति प्रक्रियाका बाँकी काम पूरा हुन नसकेको गुनासो व्याप्त छ। २०५२ फागुन १ देखि चलेको १० वर्षे सशस्त्र द्वन्द्वलाई शान्ति यात्रामा ल्याउन २०६३ मङ्सिर ५ गते तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' बीच १२ बुँदे विस्तृत शान्ति सम्झौता भएको थियो। सोही सम्झौताका आधारमा अन्तरिम संविधान, दुई पटक संविधानसभाको निर्वाचन, संविधान निर्माणलगायतका काम पूरा भए। नेपालको विशेषतामा अगाडि बढेको शान्ति प्रक्रियाको बाँकी कामका रूपमा रहेको पीडितलाई राहत, क्षतिपूर्ति तथा परिपूरण गर्ने र द्वन्द्वका कारणहरूको खोजी गरेर आगामी दिनमा दोहोरिन नदिन आवश्यक पहल जरुरी छ।

सम्झौतापछि देशमा राजनीतिक परिवर्तन भयो। जनताका प्रतिनिधिले लेखेको संविधान जारी भयो। नेपाली नागरिक खास अर्थमा सार्वभौम भए। यस्तै, हतियार व्यवस्थापन तथा तत्कालीन माओवादीका लडाकु व्यवस्थापनजस्ता महत्त्वपूर्ण काम पूरा भएपनि द्वन्द्वपीडितले न्याय पाउन नसक्दा समाजमा असन्तुस्टि कायमै छ। आफन्त बेपत्ता भएका नागरिकको व्यग्र प्रतिक्षाले कहिले पूर्णता पाउने हो प्रश्नहरू कायम छ। बेपत्ता नागरिकको सत्यतथ्य सार्वजनिक गर्ने, घाइतेको उपचार र क्षतिपूर्ति, पीडित परिवारको जीविका, स्वास्थ्य, शिक्षालगायतका विषयमा अपेक्षित काम हुन नसकेको गुनासो व्याप्त छ। सरकारले पछिल्लो पटक २०८० साल चैत ३० गते सत्यनिरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिवारका व्यक्तिको छानबिन आयोगमा आयोगमा पदाधिकारी सिफारिस गर्न लागि 'सिफारिस समिति गठन' गरेर आवश्यक प्रक्रिया अगाडि बढाएको छ।

पूर्वप्रधानन्यायाधीश ओमप्रकाश मिश्र संयोजकत्वको सिफारिस समितिले दुई आयोगका पदाधिकारी सिफारिस गर्नेछ। हाल आवेदनको प्रक्रिया चलीरहेको छ। द्वन्द्वपीडितलाई न्याय दिन ढिलाइ गर्नु हुँदैन भन्ने सरकार र सम्वद्ध राजनीतिक दलको समान मत भए पनि कानुन निर्माणमा नै एक दशक लाग्दा केही आशङ्का भने कायमै थियो। पछिल्लो पटक राजनीतिक सहमतिका आधारमा संक्रमणकालीन न्यायसम्बन्धी ऐन निर्माण भएकाले अब भने पीडितले न्याय पाउने आधार तय भएको छ। शान्ति सम्झौताअनुरुप नै दुवै पक्ष सशस्त्र द्वन्द्वबाट उत्पन्न विषम परिस्थितिलाई सामान्यीकरण गर्दै समाजमा शान्ति कायम गर्नका लागि प्रविद्ध रहेको उल्लेख थियो। सोही उद्देश्यका साथ सरकारले बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगको २०७१ माघ २७ गते गठन गरे पनि काम पूरा नभई आयोग पदाधिकारीविहिन हुन पुग्यो।

दुई वर्षभित्र सम्पूर्ण काम सक्ने भनेर गठन गरिएका यी दुई आयोगमा पहिलो पदाधिकारीले चार वर्षसम्म जिम्मेवारी पूरा गरे। पछिल्लो पटक २०७९ साउन १ देखि आयोग पदाधिकारीबिहीन छ। सत्यनिरुपण तथा मेलमिलाप आयोगमा हालसम्म ६३ हजार सात सय १८ उजुरी दर्ता भएको छ। तीमध्ये तीन हजारलाई आयोगले तामेलीमा राख्ने निर्णय गरेको थियो। आयोगले द्वन्द्वपीडित परिचयपत्र उपलब्ध गराउने र पीडितलाई परिपूरणको फाराम भराउने र परिपूरणको सिफारिस गर्ने काम गरे पनि पदाधिकारी नहुँदा काम अघि बढ्न सकेन। बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा तीन हजार दुई सय ४३ उजुरीमध्ये दुई सय ३७ उजुरी सत्यनिरुपण तथा मेलमिलाप आयोगसँग सम्बन्धित भएकाले त्यहाँ पठाएको छ। दुई हजार चार सय ९६ उजुरीमा विस्तृत छानबिन भइरहेको छ।

लामो प्रयासपछि बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्यनिरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक (तेस्रो संशोधन), २०८१ राष्ट्रपतिबाट प्रमाणीकरण भइ कार्यान्वयनमा आइसकेको छ। ऐनमा दुई आयोगका सिफारिस समिति गठन भएको बढीमा दुई महिनाभित्र अध्यक्ष तथा सदस्यको नाम सिफारिस गरिसक्नुपर्ने र पदाधिकारीको पदावधि नियुक्ति भएको मितिले चार वर्षको हुने व्यवस्था छ। ऐनले गरेको व्यवस्थाअनुसार सरकारले आयोगको कामलाई तीव्रता दिन जरुरी छ। पीडितले न्याय पाएको अनुभूति हुने गरी आयोगले काम गर्नुपर्ने धेरैको मत छ। नेकपा (माओवादी केन्द्र) का प्रमुख सचेतक हितराज पाण्डे वर्गीय, जातीय, लिङ्गीय, सांस्कृतिक उत्पिडनविरुद्ध आफूहरूले 'जनयुद्ध' लडेको स्मरण गर्दै मुलुकको आर्थिक, सामाजिक, सांस्कृतिक परिवर्तनको मूल विषयका आधारमा सबै सरोकारवाला पक्ष अगाडि बढ्नुपर्ने बताउँछन्। शान्ति प्रक्रिया टुङ्गो लगाउनका लागि सहम अनुसार समयसीमा निर्धारण भइ छ महिनामा टुङ्गो लगाउने भनिए पनि विविध कारणका कारणले अगाडि बढन नसकेको उनको भनाइ छ। राजनीतिक परिवर्तन अनुरुप नेपाली जनताको आर्थिक विकास प्रक्रिया अगाडि बढ्न नसकेको तथा संविधान निर्माणमै लामो समय लाग्ने जस्ता कारण यसबीचमा देखा परेको उनले बताए। सङ्क्रमणकालीन न्यायसम्बन्धी ऐन बनेको सन्दर्भमा विगतका कमी कमजोरी तथा सकारात्मक दुवै पक्षलाई ध्यान दिएर अब प्रक्रिया अगाडि बढ्ने उनको कथन छ।

बेपत्ता पारिएका नागरिकको अवस्था सार्वजनिक हुन नसक्ने विषयले सबैभन्दा बढी पीडा दिएको उल्लेख गर्दै उनले भने, 'शहादत हुनेले त देशका लागि बलिदान गरे भनेर चित्त बुझाउन सक्छ। तर, बेपत्ता नागरिकको अवस्था सार्वजनिक हुन नसक्नु दुःखद् छ।' देशलाई अगाडि बढाउन कमी कमजोरी सुधार गरेर, नपुगेका काम पूरा गर्दै जानुपर्ने छ। ऐनमा भएको व्यवस्थाअनुसार, अब शान्ति प्रक्रियाको बाँकी काम पूरा हुने नेता पाण्डेले विश्वास व्यक्त गरे।

नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवाल मुलुकको हित हेरेर शान्ति प्रक्रियाको बाँकी काम पूरा गर्नुपर्ने बताए। भ्रष्टाचारको नियन्त्रण, उद्योग धन्दाको प्रवर्द्धन, राष्ट्रियताको प्रवर्द्धनलगायतका काम गरिए मात्रै वास्तविक अर्थमा शान्ति कायम हुन सक्ने उनको मत छ। कानुन न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसिया शान्ति प्रक्रियाको बाँकी रहेको काम शीघ्र निष्कर्षका पुऱ्याउने गरी सरकारले काम गरिरहेको बताउँछन्। 'विस्तृत शान्ति सम्झौताको धेरै काम सकिए पनि सत्य अन्वेषण गरी पीडितलाई न्याय दिने काम पूरा हुन सकेको छैन', मन्त्री चौरसियाले भने, 'सङ्क्रमणकालीन न्यायको काम अघि बढिसकेको छ, अब जतिसक्दो छिटो पीडितले न्याय पाउनेछन्।'

पीडितले पूर्ण रूपमा न्याय पाएको अनुभूति हुने गरी सङ्क्रमणकालीन न्यायको काम अगाडि बढाउन सरकार, सम्वद्ध पक्ष उत्तिकै जिम्मेवार हुनुपर्ने साझा मत रहँदै आएको छ। राजनीतिक सहमतिका आधारमा ऐन निर्माण भएको, आयोगका पदाधिकारी छनौटको प्रक्रिया सुरु भएको सन्दर्भमा पछिल्ला दिनमा पीडितले न्याय पाउने आशा भने बढेर गएको अनुभव गर्न सकिन्छ।

# दोस्रो कार्यकालमा अमेरिकी राष्ट्रपति ट्रम्प शैली कस्तो होला ?

**सोमबहादुर थापा**

चार वर्षअघि हार ब्यहोरेका अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प शक्तिशाली कुर्सीमा दोस्रोपटक विराजमान हुन सफल भएका छन्। विश्वको धनी र शक्तिशाली राष्ट्र अमेरिकाको दोश्रो पटक राष्ट्रपति बनेसँगै 'विश्व व्यवस्था'मा पार्न सक्ने असरबारे अनेकन कोणबाट विश्लेषण पनि गरिँदैछ। अर्को त, कुनैबेला राज्यबाटै लेखेटे जस्तो स्थितिमा पुगेका ट्रम्पले यति धेरै मत ल्याएर विजयी होलान् भनी कसैले सोचेको पनि थिएनन्।

चौतिस प्रकरणमा संलग्नता भएको अभियोग लागेका र अघिल्लो कार्यकालमा दुई-दुईपटक सिनेटमा महाभियोग प्रस्ताव खेपेका ट्रम्पलाई लोकतान्त्रिक शासन व्यवस्थामा जनताले मत दिएपछि कसैको केही लाग्दो रहेनछ। सिनेटमा पनि रिपव्लिकन पार्टीलाई बहुमत प्राप्त भएको छ भने प्रतिनिधिसभामा दुई सय बाह्र सिट प्राप्त भएको छ।

तल्लो सभामा रिपव्लिकन पार्टीलाई बहुमत ल्याउन अब छ सिटको आवश्यक्ता पर्ने देखिन्छ। छ सिट पनि अन्तिम परिणामको घोषणा हुँदासम्म प्राप्त हुने अवस्था छ। कंग्रेसका दुवै सदनमा बहुमतसहित राष्ट्रपति निर्वाचित हुनु रिपब्लिकन पार्टी र ट्रम्पका लागि निकै झन् शक्तिशाली हुनेछन्। अब दुई वर्षका लागि राष्ट्रपति ट्रम्पलाई आफ्नो नीति, योजना, कार्यक्रम र बजेट पारित गर्न गराउन निकै सहज हुनेछ।

प्रतिस्पर्धी कमला ह्यारिसले आफनो हार स्वीकार्दै ट्रम्पलाई बधाई पनि दिइन्। बधाई दिने क्रममा उन्ले दुईवटा महत्वपूर्ण कुरा भनेकी छन्। पहिलो, अमेरिकी लोकतन्त्रमा हुने गरेका निष्पक्ष निर्वाचन परिणामलाई सहर्ष स्वीकार्ने र दोस्रो शान्तिपूर्ण सत्ता हस्तान्तरण गर्ने प्रक्रिया सम्झाएकी छन्। ट्रम्पले सन् २०२० को चुनाव परिणामलाई स्वीकार्न हिचकिचाएको र शान्तिपूर्ण किसिमले सत्ता हस्तान्तरण अवरोध गरेका थिए।

वास्तवमा भन्ने हो भने अमेरिका जस्तो लोकतान्त्रिक शासन व्यवस्थाका लागि निष्पक्ष निर्वाचन परिणाम सहर्ष स्वीकार नगर्ने र शान्तिपूर्ण रुपले सत्ता हस्तान्तरण नगर्ने प्रवृत्ति देखाउनु राम्रो जायज थिएन। साथै उनले समर्थक र कार्यकर्ताहरूलाई धैर्य धारण गर्न र अझ मिहेनत गर्न पनि आग्रह गरेकी छन्। चुनावमा हार-जित हुनु सामान्य नियम हो। लोकतान्त्रिक देशमा जुनसुकै पार्टीको उमेदवारले पनि चुनाव परिणाम सहर्ष स्वीकार्न तत्पर हुनु पनि पर्छ।

दुई सय ३५ वर्षको लोकतान्त्रिक इतिहास बोकेको अमेरिकाले आफ्नो लोकतान्त्रिक र उदार शासन व्यवस्थाका मूल्य-मान्यता र सिद्धान्त अझ परिस्कृत गर्दै जानु राम्रो हुन्छ। नेपाल जस्तो तेश्रो विश्का धेरै नेताले झैं सिद्धान्त, नैतिकता र मूल्य-मान्यताभन्दा निजी र पार्टीगत स्वार्थको राजनीति गर्ने प्रवृत्ति अमेरिका तथा बेलायतका नेताहरूले देखाउन मिल्दैन। ती देशका नेताहरूको राजनीतिक सोच, व्यवहार र संस्कार धेरै उच्चस्तरको हुनुपर्छ। अमेरिकी लोकतन्त्रको विशेषता र सौन्दर्यता भनेकै वास्तवमा नागरिक स्वतन्त्रता, मानव अधिकारको सम्मान, निष्पक्ष र स्वतन्त्र (धाँधलीरहित) निर्वाचन, आवधिक निर्वाचन हो। त्यसअतिरिक्त न्यायिक सर्वोच्चता, राज्यका तीन अंग ( कार्यकारिणी, संसद् र न्यायपालिका) बीच तथा संघीय सरकार, राज्य सरकार र स्थानीय सरकारबीचको अधिकार र शक्तिको संवैधानिक बाँडफाड र स्वतन्त्र किसिमको उपयोग हुन्।

नेपालमा संघीय शासन व्यवस्था लागू भएको नौ वर्षको अवधिमा संघीय सरकारले प्रदेश र स्थानीय सरकारलाई संविधानमै उल्लेखित अधिकार र शक्ति प्रयोगमा बाधा उत्पन्न गरिरहेको छ। अमेरिकाले ब्यक्तिगत र पार्टीगत स्वार्थ र हितभन्दा राष्ट्र र जनताको स्वार्थ र हितलाई हेर्दै संविधान बनाएकै कारण सफल भएको छ। त्यहीकारण २ सय ३५ वर्षदेखि एकै संविधान चलिरहेको छ, संशोधन गरिनुबाहेक।

नेपालमा संविधान बनाउँदा राष्ट्र र जनताको स्वार्थ र हितभन्दा नेता र पार्टीहरूको स्वार्थ र हितलाई हेरिएकाले नौ वर्षमै संशोधन गर्नुपर्ने आवाज उठेको छ।

सन् २०१६ मा हिलारी क्लिन्टनसँगको प्रतिस्पर्धा पनि ट्रम्प राष्ट्रपति चुनिन सफल भएका थिए। महिला उम्मेद्वारलाई भन्दा पुरुषलाई अमेरिकामा पनि बढी मन पराइनुलाई तेश्रो विश्वका मानिसले अचम्म मानिरहेका छन्। रिपब्लिकन पार्टीलाई यति धेरै जनमत प्राप्त हुनुका पछाडि राष्ट्र उम्मेदवार ट्रम्पको चुनावी एजेण्डा, गैरकानुनी रुपमा अमेरिकामा बसेका आप्रवासीहरूलाई सम्वन्धित देशमा फिर्ता गर्ने घोषणा हुनु हो। त्यसअतिरिक्त कर घटाउने, रोजगारी वृद्धि गर्ने, सीमामा पर्खाल लगाई अपराध र लागू ओषध तथा दुर्व्यसन नियन्त्रण गर्ने एजेण्डा पनि अघि सारेका छन्। उनले अमेरिकालाई फेरि महान राष्ट्र बनाउने, विदेशबाट आयात हुने वस्तुमा कर भन्सार बढी लगाई घाटा कम गर्ने तथा युद्ध र हस्तक्षेप नगर्ने प्रतिबद्धता व्यक्त गरेका थिए।

अमेरिकामा सिनेट र प्रतिनिधिसभामा बहुमत ल्याउनु जुनसुकै पार्टीका राष्ट्रपतिलाई पनि जरुरी मानिन्छ। बहुमत आयो भन्दैमा अमेरिकी राष्ट्रपतिलाई नेपालमा झैं ह्विपको भरमा काम गर्न सजिलो हुँदैन। जे भए पनि दुई वर्ष राष्ट्रपति ट्रम्पलाई काम गर्न सहज त देखिन्छ। तर यसका लागि उनले पहिला रिपब्लिकन पार्टीका नेताहरूसँग समन्वय र सहकार्य गर्न जरुरी हुन्छ। साथै डेमोक्रयाट पार्टीका नेताहरूसँग पनि समन्वय र सहकार्य गर्न जरुरी हुन्छ।

अमेरिकाको राष्ट्रपति वास्तविक कार्यकारी प्रमुख हो। उसले वा तिनले अमेरिकाको साथै विश्वकै नेता भएर काम गर्नुपर्ने प्रचलन बसिसकेको छ। तर पहिलो कार्यकालभन्दा यो राष्ट्रपति ट्रम्पलाई अन्तर्राष्ट्रिय वातावरण र स्थिति बिग्रेका कारण र जताततै मन्दी र उत्पादकत्व तथा रोजगारी घटेको कारण त्यति सहज देखिँदैन। अर्को कुरा, रुस र युक्रेनबीच दुई वर्षदेखि जारी युद्ध र इजरायल तथा प्यालेस्टाइनबीच जारी युद्धले तेश्रो विश्व युद्ध निम्त्याउँछ कि भन्ने आशंका छ। यो अवस्थामा विश्व फेरि अमेरिकी र रसियन नेतृत्वको दुई ध्रुवमा विभाजित भएको अवस्था छ।

साथै राष्ट्रपति ट्रम्पले नाटोसँगको सम्बन्धलाई कसरी अगाडि बढाउँछन् भन्ने कुराले पनि विश्वमा आउने विभिन्न घटनामा सकारात्मक भूमिका खेल्छ। त्यो पृष्ठभूमिमा उनको सोच र दृष्टिकोण पहिलाभन्दा फरक र सकारात्मक हुनुपर्छ भन्ने तेश्रो विश्वका नेताहरूको धारणा देखिन्छ। ट्रम्पको पहिलो कार्यकालमा विश्वमा त्यति ठूला युद्ध र झगडा थिएनन्। अमेरिका र अन्य ठूला देशकै कारण विश्वमा जताततै अशान्ति, विद्रोह, लडाई भइरहेको छ।

मध्यपूर्व एसिया, अफ्रिका, रुस र युक्रेनबीचको् युद्धले तेश्रो विश्व युद्धको रुप लिने आशंका बढेर गएको अवस्था छ। अमेरिकी राष्ट्रपति ट्रम्पले विश्व शान्ति, जलवायु परिवर्तन तथा भातृत्व प्रवर्द्धनमा विशेष भूमिका र कार्य गर्नुपर्ने आवश्यकता छ। पहिलेभन्दा भिन्न सोच र दृष्टिकोणका साथ उनी दोश्रो कार्यकालमा लाग्नुपर्ने देखिन्छ। उनले विश्व शान्ति र भातृत्व प्रवर्द्धनमा अलिकति हेलचक्रयाई गरे भने भयंकर विनाशकारी तेश्रो विश्व युध्द हुने खतरा बढेर जानेछ।

# नेपाली कफी विदेशमा लोकप्रीय

काठमाडौं/ राष्ट्रिय चिया तथा कफी विकास बोर्डले यही मङ्सिर ७ गते राष्ट्रिय कफी दिवस आयोजना गर्ने भएको छ। कफी विकासका क्षेत्रमा क्रियाशील व्यवसायीहरूबाट नेपाली कफीको 'स्टल' सञ्चालन तथा प्रदर्शनी, विभिन्न थरिका कफीको ब्रिबिङ्ग तथा टेस्टिङ्ग गर्ने गराइन लागेको हो।

कफी सहकारी सङ्घहरूबाट सञ्चालित कफीसम्बन्धी गतिविधिको प्रदर्शनी भृकुटीमण्डपमा गर्ने उक्त दिवसमा नेपालको कफी क्षेत्रको वर्तमान अवस्था, नीतिगत व्यवस्था तथा आगामी कार्यदिशा विषयक प्रस्तुतीकरण एवं अन्तर्क्रिया कार्यक्रम गरिने बोर्डका कार्यकारी निर्देशक बेनुपराज प्रसाईंले जानकारी दिएका छन्।

कफी उत्पादक संस्था तथा किसान उद्यमी, जिल्ला कफी सहकारी सङ्घ, प्रारम्भिक कफी सहकारी संस्थालाई विशेष सम्मान र पुरस्कृत गरिने बताइएको छ। बोर्डका अनुसार आर्थिक वर्ष २०७९/०८० को तथ्याङ्कनुसार रु.१३ करोड चार लाखबराबरको ७७ मेट्रिक टन कफी निर्यात हुँदा रु.३२ करोड ५८ लाख बराबरको चार सय ५० टन कफी आयात भएको बताइएको छ।

यसैगरी आ.व.२०८०/०८१ मा रु.१४ करोड ९२ लाखबराबरको ८९ टन कफी निर्यात हुँदा रु.४१ करोड ९८ लाखबराबरको चार सय ४३ टन कफी आयात भएको तथ्याङ्क सार्वजनिक गरिएको छ। यस्तै,आ.व.२०८०/०८१ मा देशभर पाँच सय मेट्रिक टन ग्रिनवीन कफी उत्पादन भएको दाबी गरिएको छ। यही अवधिमा चार हजार तीन सय नौ हेक्टर जग्गामा कफीखेती बिस्तार भएको जनाइएको छ। कुल उत्पादनको झण्डै १७ प्रतिशत कफी विदेश निर्यात भएको बोर्डले जनाएको छ। नेपाली कफी निर्यात हुँदा सरदर प्रतिके.जी. १६ डलर प्राप्त गर्दै आएको बताइएको छ।

# बालबालिकाको क्यान्सर उपचार निःशुल्क

भक्तपुर/ भक्तपुर क्यान्सर अस्पतालले १४ वर्षमुनिका बालबालिकाको क्यान्सर उपचार निःशुल्क गर्न थालेको छ। अस्पतालले यही मङ्सिर २ गतेदेखि १४ वर्षमुनिका बालबालिकाको क्यान्सर रोगको सम्पूर्ण उपचार निःशुल्क रुपमा गर्ने गरी सेवा प्रारम्भ गरेको हो।

यो कार्यको थालनीका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री प्रदीप पौडेललाई श्रेय जाने बताइएको छ। उनले सरकारी अस्पतालमा १४ वर्षमुनिका बालबालिकाको क्यान्सर उपचार निःशुल्क गर्ने गरी गत कात्तिक ११ गते मन्त्रीस्तरीय निर्णय गरेका थिए। सोही आधारमा अस्पतालले उक्त निर्णयलाई कार्यान्वयनमा ल्याएको अस्पतालका निमित्त कार्यकारी निर्देशक डा.उज्ज्वल चालिसेले जानकारी दिएका छन्।

सरकारी अस्पतालमध्ये भक्तपुर क्यान्सर अस्पताल भक्तपुर, कान्ति बाल अस्पताल काठमाडौँ र बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल भरतपुर चितवनमा यस्तो सेवा निःशुल्क गर्ने निर्णय गरिएको थियो। अस्पतालका वरिष्ठ प्रशासकीय प्रमुख राजाराम तजलेले क्यान्सर बिरामीको चाप बढिरहँदा बालबालिकामा पनि विभिन्न क्यान्सर रोग बढ्दो रहेको बताए।उनका अनुसार भक्तपुर क्यान्सर अस्पतालमा करिब ६० जना क्यान्सर रोगका बालबालिका उपचारका लागि आइरहेका छन्।

बालबालिकाको क्यान्सर रोगको उपचारसँगै क्यान्सरको उपचारमा आवश्यक पर्ने ३५ प्रकारका औषधि निःशुल्क प्रदान गरिने अस्पतालले जनाएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले गत २०८० चैत १४ मा विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)सँग बालबालिकामा हुने क्यान्सरको उपचारका लागि निःशुल्क औषधि प्राप्तिका लागि सम्झौता गरेको थियो।

हरेक वर्ष करिब एक हजार पाँच सय बालबालिकामा क्यान्सर देखिने गरेको बताइएको छ।

# एनआईसी एशिया बैंकले घटायो ब्याजदर

काठमाडौं। एनआईसी एशिया बैंकले मुद्दती निक्षेपमा ब्याजदर घटाएको छ। बैंकले मंसिर १ गतेदेखि लागू हुने गरी ब्याजदर घटाएर सार्वजनिक गरेको हो। बैंकले मंसिरमा ०.२० प्रतिशत ब्याजदर घटाएर मुद्दती निक्षेपमा व्यक्तिगततर्फ ६.७९ प्रतिशत र संस्थागततर्फ ५.७९ प्रतिशत ब्याजदर तोकेको छ। यसअघि कात्तिकमा बैंकले व्यक्तिगततर्फ ६.९९ प्रतिशत, संस्थागततर्फ ५.९९ प्रतिशत ब्याजदर तोकेको थियो।।

बैंकले साधारण बचत खातामा न्यूनतम ३.१० प्रतिशतदेखि अधिकतम ५.१० प्रतिशतसम्म ब्याजदर तोकेको छ। बैंकको आधारदर ८.८७ प्रतिशत रहेको छ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.
बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

# प्राइम बैंकको ब्याजदर ०.२५ प्रतिशत घट्यो

काठमाडौं। प्राइम कमर्सियल बैंकले मुद्दती निक्षेपमा ब्याजदर घटाएको छ। बैंकले मंसिर १ गतेदेखि लागू हुने गरी ब्याजदर घटाएर सार्वजनिक गरेको हो। बैंकले मंसिरमा ०.२५ प्रतिशत ब्याजदर घटाएर मुद्दती निक्षेपमा व्यक्तिगततर्फ ५.७५ प्रतिशत, संस्थागततर्फ ४ प्रतिशत र रेमिट्यान्समा ६.७५ प्रतिशत ब्याजदर तोकेको छ। यसअघि कात्तिकमा बैंकले व्यक्तिगततर्फ ६ प्रतिशत, संस्थागततर्फ




४.२५ प्रतिशत र रेमिट्यान्समा ७ प्रतिशत ब्याजदर तोकेको थियो।।

बैंकले मंसिरमा साधारण बचत खातामा न्यूनतम ३ प्रतिशतदेखि ४.९५ प्रतिशत ब्याजदर तोकेको छ भने रेमिट्यान्स बचतमा ५.९५ प्रतिशत ब्याजदर तोकेको छ।






कौशलकुमार भट्टराई  कृष्ण लम्साल  पिएमणि भट्टराई  हरि शरण जमकटेल

प्रधान-सम्पादक/प्रकाशक : **कौशल कुमार भट्टराई (९८५११३८२३७)**
सम्पादक : कृष्ण लम्साल (९८५१३२२६३२, ९८४१३५१३५६)
कार्यकारी सम्पादक : पिएमणि भट्टराई (९८४३१०९६२०)
वरिष्ठ संवाददाताः आर. अर्याल
अन्तर्राष्ट्रिय समाचार संयोजकः एस. भट्टराई
कानूनी सल्लाहकार : अधिवक्ता हरि शरण जमकटेल
आई.टी.प्रमुखः स्पन्दन भट्टराई
प्रधान कार्यालय : मध्यपुर थिमी-३, भक्तपुर
काठमाडौं-कार्यालय : बबरमहल, काठमाडौं, फोनः ०१-४२६७०६४
इमेल : nayabimarsha@gmail.com,
मुद्रण : सप्तर्षि पब्लिकेशन प्रा.लि., मित्रपार्क, काठमाडौं

## सम्पादकीय...................

# शान्तिसम्झौताको १८ वर्ष टुंगोको खोजीमा

मुलुकमा शान्ति सम्झौता भएको १८ वर्ष पूरा भएको छ ।द्वन्द्वका कारणहरुको खोजी गर्ने र पीडितलाई राहत तथा परिपूरण उपलब्ध गराउने लक्ष्यका साथ उक्त सम्झौता भएको यत्तिका वर्ष बितिसक्दा पनि त्यो टुंगोमै भने पुग्न नसकेको अवस्था छ । सम्झौतामा सशस्त्र द्वन्द्वबाट उत्पन्न विषम परिस्थितिलाई सामान्यीकरण गर्दै समाजमा शान्ति कायम गर्नका लागि कदम चालिने भनिएको थियो । त्यसका लागि मानवताविरुद्धको अपराधमा संलग्नको सत्य अन्वेषण गरी दोषीलाई कारबाही गर्ने कुरालाई मुख्य उद्देश्यका रुपमा राखिएको थियो ।बेपत्ता पारिएका व्यक्तिहरुको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोग २०७१ माघ २७ गते गठन गर्ने कार्य सरकारले गरेको पनि १० वर्ष भएको छ । दुवै आयोगले पीडितहरुको निवेदन लिने र क्षतिपूर्तिको सामान्य काम मात्र गरेको आरोप लाग्ने गरेको छ । अन्य प्रक्रियाहरु अगाडि बढाउन नसकेको अवस्थामा यो आरोप लाग्नु स्वाभाविक नै हो । राजनीतिक दलहरुका बीच मतैक्य नहुँदा लामो समयसम्म शान्ति प्रक्रियाका बाँकी काम पूरा हुन नसकेको गुनासो रहँदै आएको छ । पछिल्लो समयमा यो विषयलाई टुंगोमा पुऱ्याउने भनी सरकार लागि परेको भए पनि त्यो अन्तिमविन्दुमा पुग्न सकेको छैन ।

वि.सं. २०५२ फागुन १ गतेदेखि तात्कालिन नेकपा ( माओवादी) ले थालेको ११ वर्षे सशस्त्र द्वन्द्वलाई शान्ति प्रक्रियामा ल्याउने मिति २०६३ मङ्सिर ५ गते मात्र जुरेको थियो । तात्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र माओवादीका अध्यक्ष पुष्पकमल दाहालबीच १२ बुँदे विस्तृत शान्ति सम्झौता गरी माओवादीको सशस्त्र द्वन्द्वलाई विश्राम दिलाउने कार्य गरिएको थियो ।सोही सम्झौताका आधारमा अन्तरिम संविधान, दुई पटक संविधानसभाको निर्वाचन, संविधान निर्माणलगायतका काम पूरा भने भए ।जनताका प्रतिनिधिले लेखेको संविधान जारी भयो ।हतियार व्यवस्थापन तथा तात्कालीन माओवादीका लडाकुहरुको व्यवस्थापनजस्ता महत्वपूर्ण काम पूरा भए । यस्तो अवस्थामा द्वन्द्वपीडितले न्याय पाउन नसक्दा समाजमा असन्तुस्टि भने कायमै छ । बेपत्ता भएका नागरिकको विषयले पीडित परिवारको घाउमा मल्हम लाग्न सकेको छैन ।

यस्तो स्थितिमा यो विषयलाई अन्तिम टुंगोमा पुऱ्याउनुपर्ने आवश्यकता देखिएको छ । बेपत्ता नागरिकको सत्यतथ्य सार्वजनिक गर्ने, घाइतेको उपचार र क्षतिपूर्ति, पीडित परिवारको जीविका, स्वास्थ्य, शिक्षालगायतका विषयमा सरकारले कार्य नगरेको भन्ने जनगुनासोलाई चिर्न सक्नुपर्ने हुन्छ । सरकारले २०८० साल चैत ३० गते सत्यनिरुपण तथा मेलमिलाप आयोग र बेपत्ता परिवारका व्यक्तिको छानविन आयोगमा पदाधिकारी सिफारिस गर्न लागि 'सिफारिस समिति गठन' गरेर आवश्यक प्रक्रिया अगाडि बढाए पनिद्वन्द्वको अन्तिम निकास निस्कन सकेको छैन । यो विषयलाई टुंग्याएर सरकारले नेपाल शान्ति प्रक्रियामा सफल भएको सन्देश विश्वसामु दिनु जरुरी छ ।

# पत्रपत्रिकाः समाचार कम विज्ञापन बढी

**अनुसा थापा**



सर्वसाधारणले पत्रिका किन किन्छन् ? सजिलो जवाफ छ- अघिल्लो दिन देश-विदेशमा भएका घटनाबारे थाहा पाउन, नयाँ कुरा जान्न । के पत्रपत्रिकाले सर्वसाधारणलाई सन्तुष्ट बनाउन सकिरहेका छन् त ? दैनिक दर्जनौं राष्ट्रिय दैनिक र साप्ताहिक पत्रपत्रिका बजारमा आउँछन् । सर्वसाधारणले पाँचदेखि १० रुपियाँ तिरेर पत्रिका खरिद गर्छन् ।

पत्रिकामा पैसा हाल्नु सर्वसाधारणलाई 'बालुवामा पानी' हाल्नुझैं भएको छ । एकातिर पैसा खेर गइरहेको छ भने अर्कोतिर पत्रिका पसलसम्म पुग्दा सर्वसाधारणलाई हैरानी भएको छ । पछिल्लो समय पत्रिकामा समाचारभन्दा धेरै विज्ञापन आउँछ । एकाध समाचार हालेर सबै विज्ञापनले भरिन्छ ।

पत्रिका समाचारका लागि नभई विज्ञापनका लागि छापिएकोजस्तो देखिन थालेको सर्वसाधारणको गुनासो छ । पत्रिका पसलमा पत्रिका हेरिरहेका सर्वसाधारणहरु भन्छन्,'आजकल त समाचार नै आउँदैनन् । सबै पृष्ठ विज्ञापनले भरिएको छ । के पत्रिका पढ्नु ?' सरोकारवाला निकायले विज्ञापनका निम्ति निश्चित दायरा तोकिदिएको छ तर निरीक्षण खोई? पहिलो पृष्ठदेखि अन्तिम पृष्ठसम्म विज्ञापन मात्र देखिन्छ ।

समाचार त नाम मात्रको भएको छ । मृतकको समवेदना नै एक पेज हालिएको हुन्छ । बैंकहरुले घर जग्गा लिलामीका लागि छापेको विज्ञापन, म्यानपावरले विदेश पठाउनका लागि गरेको विज्ञापन नै पत्रिका भरिन थालेको छ ।कुनैपनि ग्राहक पत्रिकामा विज्ञापन हेर्न गएको हुँदैन । सञ्चारमाध्यमको आम्दानीको स्रोत विज्ञापन भएतापनि पत्रिका विज्ञापनले भर्न पाइँदैन । पत्रिकामा केही नयाँ छापिएको छ कि, कतै कुनै विशेष घटना पो भएको छ कि भनेर पाठकले आफ्नो पैसा हाल्ने हो तर पत्रिकामा समाचारभन्दा धेरै विज्ञापन छापिन थालेको छ ।

यस्तै, अवस्था रहिरह्यो भने पाठकले पत्रिका पढ्न छोड्छन् । संकटमा परेको पत्रिकाको अस्तित्व नै मेटिन पनि बेर लाग्दैन । पछिल्लो समय मुलुकमा थुप्रै अनलाइन मिडिया हाउस खुलेका छन् । भनिन्छ नि,'ओल्ड इज गोल्ड ।' यसलाई कायम राख्न पत्रिकाका कार्यालयहरुले कसरत गर्नुपर्ने देखिएको छ । पत्रिकामाथि पाठकको रुचि झनै बढाउन समाजमा भएका बेतिथिहरु उजागर गरिदिनुपऱ्यो । भ्रष्टाचार, विकृति-विसङ्गति, दमन, शोषणलगायत आम नागरिकसँग जोडिएको विषयहरु उठान गरिदिनुपऱ्यो । पत्रिका यस्तो बनोस् कि पाठकले खोजीखोजी पढुन् । विडम्बना, पछिल्लो समय पत्रपत्रिका पनि पार्टीगत बन्दै गएको छ ।

देश र जनताको पक्षमा कलम चलाउनुपर्ने पत्रकारहरु पार्टीका कार्यकर्ता बनेका छन् । सर्वसाधारणले यो पत्रिका त्यो पार्टीको, त्यो पत्रिका यो पार्टीको भन्न थालेका छन् । पत्रिका र पत्रकार निष्पक्ष हुनुपर्ने हो । गलतको विरुद्ध आवाज उठाउने माध्यम बन्न सक्नुपर्ने हो । विडम्बना, त्यसो हुन सकेको छैन । भुइँमान्छेभन्दा राजनीतिक दल सहभागी भएको कार्यक्रमले प्राथमिकता पाउन थालेको छ ।

पत्रकारिता राज्यको चौंथो अंग हो । यसलाई समाजको 'वाच डग' पनि भनिन्छ । समाजमा भएको बेतिथि उजागर गरिदिने, त्यसको समाधानका लागि राज्यलाई घच्ध्चाउने, कसैको आँखा नपुगेको विषय बाहिर ल्याइदिने काम मिडिया हाउस र पत्रकारको हो ।के मिडिया हाउस र पत्रकारले आफ्नो जिम्मेवारी निर्वाह गरिरहेका छन् त ? हरेक पाठकको प्रश्न हो यो । पत्रकारलाई सर्वसाधारणले सिसाको ऐना भन्छन्, मान्छन् । जतिसुकै डरधम्की वा प्रलोभन आएपनि पत्रकारले अन्याय, अत्याचार र गलतलाई बाहिर ल्याउनैपर्छ । विडम्बना, पत्रकारले आफ्नो धर्म निर्वाह गरेका छन् त ?

मिडिया हाउस सेवा हो । मिडिया हाउसले व्यापार गर्न मिल्दैन तर पत्रकारिता पेशा विपरित दिशामा गइरहेको छ । जसका कारण मिडिया हाउस र पत्रकारको भविष्य के होला ? सोच्नुपर्ने भएको छ । हिजोको दिनमा पत्रकारलाई सर्वसाधारणले कुन दृष्टिले हेर्थें, अहिले कुन दृष्टिले हेर्छन् ? मिडिया हाउसले अध्ययन गर्नुपर्ने भएको छ ।

खोजमूलक समाचारको अस्तित्व संकटमा परिसकेको छ । पत्रकारहरु निजी प्लेटका गाडीमा कार्यालय जान्छन्, फर्किन्छन् । जनताको आवाज बाहिर ल्याउनका लागि त पहिले सडकमा हिँड्नुपर्छ । सार्वजनिक यातायात चढ्नुपर्छ । पत्रकारहरु आफू रिपोर्ट नगर्ने, कुनै समाचार संस्थासँग किनेको समाचारले पत्रिका भर्ने, 'कपिपेस्ट' गर्ने क्रम बढेको छ ।

यहाँ पाइलापाइलामा समाचार छ । बस्, उठान गरिदिने कोही भएनन् । मिडिया हाउसको संख्या बढ्यो तर भुइँमान्छेको आवाज उठाउने क्रम घट्यो । मिडिया हाउसहरुले विज्ञापनको अगाडि मुखमा बुझो टालिदिए । जसले विज्ञापन दिन्छ, उसको विरोधमा कलम नै चलाउँदैनन् भन्नेसम्मको आरोप लाग्ने गरेको अवस्था छ । जति नै गल्ती गरे पनि अनदेखा गरिदिन्छन् ।

जनयुद्धको बेला राज्य र माओवादीबाट धेरै पत्रकार मारिए । ज्यान नै जोखिममा परेपनि उनीहरु पछि हटेनन् । देश र जनताको लागि कलम चलाएरै छोडे । हिजो र आजको पत्रकारिताको परिभाषा उही छ । फरक यति हो कि पत्रकारको नियत बदलियो । हिजो पेशालाई आफ्नो सबैकुरा ठानेर काम गर्थें, आज पैसालाई ठानिन्छ ।

मैनबत्ती आफू बलेर अरुलाई उज्यालो दिन्छ । आफू सिद्धिन्छु भनेर मैनबत्ती बल्न त छोड्दैन । पत्रकार पनि मैनबत्ती बन्न सक्नुपर्छ । समाचार संकलन सानो काम होइन् । विभिन्न बाधा अवरोध आउँछ, धम्की दिइन्छ तर पत्रकार डगमगाउन भएन । अनि मात्र असल पत्रकारिता गरिन्छ ।

अब मिडिया हाउस र पत्रकारहरु सच्चिन आवश्यक भइसकेको छ । विज्ञापनको मात्र पछाडि नलागौं । पाठकले जे खोजेका छन्, त्यो दिन सक्नुपऱ्यो । मिडिया हाउस व्यापार गर्ने थलो नबनोस् । पाठकलाई दिनहुँ पत्रिका किन्न लालायित बनाउने खालका समाचार लेखौं । यो पत्रिकाले नयाँ नयाँ विषय उठान गर्छ भन्ने पाठकमा होस् ।

पत्रकारको कलम देखेर भ्रष्टाचारीहरु डराउन् । राजश्व छल्नेहरुको सातो जाओस् । कालोबजारीहरु कानूनको दायरामा आऊन् । समाज सुधार्ने, गलतहरुलाई कानूनको दायरामा उभ्याउन सक्ने एक मात्र पेशा पत्रकारिता हो । मिडिया हाउस र पत्रकारलाई आफ्नो कर्तव्यबोध होस् ।

पछिल्लो समय घरैपिच्छे जस्तो मिडिया हाउस खुलेका छन् तर प्रभाव के ? विगतमा एकाध पत्रिकाले भ्रष्टाचारीहरुको सातो उडाइदिन्थें, अहिले यत्रो मिडिया हाउस खुलेपनि कसैलाई डर छैन । भ्रष्टाचारी, कालोबजारी, राजश्व छलहरु झन् शक्तिशाली बन्दै गएका छन् ।

मुलुकमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, विभाग, प्रेस काउन्सिल छन् ।यी निकायको काम पत्रपत्रिका, मिडिया हाउसमाथि नियमन गर्नु हो । पत्रिकामा समाचारको साटो विज्ञापन नै विज्ञापन छापिँदा पनि यी निकायले केही । यस्तै अवस्था रह्यो भने पत्रिका समाचारपत्र होइन, विज्ञापनपत्र बन्छ ।

यसमा सरोकारवालाको ध्यान केन्द्रित हुन आवश्यक छ । सरकारले वर्षैपिच्छे मिडिया हाउसलाई कर छुट दिन्छ । विज्ञापन बोर्डले पनि विज्ञापन दिन्छ, पैसा दिन्छ तै पनि समाचार आउँदैन । पत्रिकालाई एडभरटाइजमेण्ट हाउस बनाउनबाट जोगाउन सरकार तात्न जरुरी देखिएको छ ।

# वैश्विक तापक्रम वृद्धिको दुष्परिणाम र हाम्रो भविष्य



**हरिविनोद अधिकारी**

जलवायु परिवर्तनसम्बन्धी विश्व सम्मेलन-२९ अजरबैजानको राजधानी बाकुमा भइरहेको छ । मुख्य छलफलको समयमा नेपालले आफ्ना कुराहरु स्पष्टसँग राखेको छ । नेपालको तर्फबाट सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलले नेपालको नेतृत्व गर्दै 'हिमालको सुरक्षा नै पृथ्वीको सुरक्षा' भनेर विश्वको ध्यान नेपालको हिमाल जोगाउने कुरामा आकर्षित गर्नुभएको छ ।

त्यसो त पोहोर मात्र संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुथ्रेसले जलवायु परिवर्तनका कारणले बढ्दो तापक्रमले हिमाली क्षेत्रमा देखिएको हिउँको क्षयीकरण आफ्नै आँखाले देख्नुभएको थियो । त्यतिमात्र होइन, नेपालको भ्रमणका बेलामा हिमाली क्षेत्रको संवेदनशीलतालाई नजिकैबाट महसुस गर्दै ३० प्रतिशतले हिउँ पग्लेर बग्ने हिमनदीको पानीमा कमी आएको नयाँ तथ्य स्पष्ट पार्नुभएको थियो ।

स्मरणीय छ, यो तापक्रम वृद्धि गराउन र सूर्यको तापलाई छानेर आवश्यक मात्र उपलब्ध गराउने प्राकृतिक प्रणाली बिगार्न हामीजस्ता हिमाली पानीमा भरपर्ने र कार्बन अत्यन्त न्यून मात्रामा उत्पन्न गर्ने देशहरुको कुनै दोष छैन । निर्दोष र कुनै कारणविना, अत्यन्त कार्बन उत्सर्जनको परिणाम भोग्ने चाहिँ हामी हुन थालेका छौं । हाम्रो प्राकृतिक पहाडमा जम्ने हिउँ एउटा निश्चित उचाइपछि जम्ने गर्थ्यो र समय आएपछि त्यही हिउँको भारले तलको हिउँ पग्लने चलन थियो । अब तापक्रम वृद्धिको मारले प्राकृतिक रुपमा निश्चित उचाइमा हिउँ नै पर्न छोडेको छ र बाह्रै महिना हिउँले ढाक्ने पहाड नितान्त काला पहाडको रुपमा परिणत हुन थालेका छन् । त्यसले खाने पानी, सिँचाइका लागि आवश्यकपर्ने पानी र जङ्गली जनावरहरुले पिउनका लागि प्रयोग हुने पानीमा कमी हुँदै गएको तथ्य स्पष्ट नै छ ।

जलवायु परिवर्तन चक्रको शुरुआत एकैदिन र एकैरातमा भएको होइन । अहिले हाम्रो साझा घर पृथ्वीमा तापक्रम वृद्धि हुँदै गएको र सूर्यबाट आउने तापलाई रोकेर हामी समक्ष आवश्यक मात्र पठाउने ओजनपत्र विस्तारै नष्ट हुँदैछ । यसो हुनुमा आवश्यकताभन्दा बढी कार्बन उत्सर्जन भएर ओजोन तहलाई समेत नष्ट गराउन थालेको बुझ्न त सकिन्छ तर त्यसको मर्मत गर्ने प्राकृतिक उपाय भनेको अब तत्कालै हरित ग्यास उत्पन्न नगर्ने प्रक्रिया थालनी गर्नुपर्ने हो ।

विकसित देशहरुका औद्योगिक उत्पादनका कारणले त्यो सम्भव छैन । सन् १९९२ मा नै संयुक्त राष्ट्रसङ्घले जलवायु परिवर्तन र पर्यावरणीय संरक्षणका लागि सहमति तयार गरेको थियो । अनि यसबारेमा सम्मेलन प्रत्येक वर्ष गरेर अद्यावधिक हुने र जसरी पनि जलवायु परिवर्तनका परिणामहरुको लेखाजोखा गर्ने र कसरी त्यसलाई न्यूनीकरण गर्नेबारेमा रणनीति तयार गर्ने भन्ने थियो।

त्यसो त कोपका विभिन्न सम्मेलनले यस सम्बन्धमा केही प्रयास गरेकै हो । पहिलो कोप सम्मेलन सन् १९९५ मा जर्मनीको बर्लिनमा भएको थियो जसमा विश्वका १९७ देशहरुले भाग लिएका थिए र बढ्दो तापक्रमका बारेमा विहंगम छलफल गरेका थिए र कसरी त्यसको परिणामलाई कमभन्दा कम क्षतिमा परिणत गर्ने भन्ने थियो । त्यस्तै तेस्रो सम्मेलन क्योटो (जापान) मा भएको थियो, जसले जलवायु परिवर्तनका कारण हरित गृह ग्यास उत्सर्जन नै हो भनेर त्यसको उत्सर्जनमा सीमित राख्न बाध्यपार्ने खालको क्योटो अभिसन्धि पारित गरेका थिए ।

कतिपय विकसित देशहरुले त्यसमा ओठेसम्मति जनाए पनि आफ्नोतर्फबाट प्रयास गरेनन् र त आजको यो भयावह अवस्था आउन थालेको हो । त्यस्तै सन् २०१५ मा भएको पेरिस सम्मेलनको २१औं कोप सम्मेलनमा विश्वको तापक्रम धेरै बढ्न नदिने जसमा बढीमा १.५ डिग्री सम्ममा सीमित गर्नुपर्ने नीति तयार गरियो । त्यही सम्मेलनमा अनावश्यक रुपमा हरित ग्यासको दुष्प्रभावले परेको समस्या र त्यसको परिणाम न्यून गर्न धनी देशहरुले प्रभावित देशहरुलाई क्षतिपूर्तिस्वरुप सहयोग गर्ने भन्ने पनि प्रस्ताव पारित गरियो।

तापक्रम वृद्धिका कारणले हामी मानव, पक्षी, वनजङ्गल, हिमाली क्षेत्र, अन्टार्कटिका क्षेत्र परेका छन् । पहाडी भेग, सामुद्रिक तट तथा वन जङ्गल मारमा परेका छन्, जसको पत्ता लगाउने त मानिसहरु नै हुन् । हाम्रो साझा बासस्थान पृथ्वीलाई कसरी जोगाउने भन्ने अहम् प्रश्न उठेकै छ । कस्तो प्रभाव परेको छ भने जलवायुको परिवर्तनले सामुद्रिक तट पनि अछुतो रहेन । यसै कोप सम्मेलनमा राष्ट्रपति पौडेलले हाम्रै सार्क देश मालदिभ्सका राष्ट्रपति महम्मद मैजुनसँग भेटेर हिमाली पहाडी भेग धेरै रहेको नेपाल र समुद्रमा तैरेर बसेको भाग मालदिभ्स अब डुब्ने लागेको भविष्यवाणीसँग कसरी प्राकृतिक अवस्थामा बाँच्ने भन्ने बारेमा छलफल गर्नुभएको देखिन्छ।

जबजब गर्मी अनियन्त्रित तरिकाले बढ्न थालेको छ नै, त्यसले पृथ्वीको उत्तरी र दक्षिणी भागमा रहेका हिउँका ठूलाठूला ढिस्काहरु समुद्रमा पग्लेर जान थाले । यसले गर्दा समुद्रको पानीमा अनावश्यक रुपमा चिसोपन बढ्न थाल्यो र पानीको सतह बढेर तटीय क्षेत्रका बासिन्दा डुब्ने अवस्था छन् । पानी धेरै चिसो भएर त्यहाँ रहेका सामुद्रिक प्राणीहरु पनि वातावरणीय अनुकूलनमा दुष्प्रभावित भएका छन् र अनि सामान्य तरिकाले समुद्रको पानी वाष्पीकृत भएर मनसुनमा पर्ने पानीको समय फेरिन थालेको छ । उदाहरणका लागि नेपाल, पाकिस्तान, इण्डानेसियाजस्ता देशमा देखिन थालेको छ ।

कहिल्यै हिउँ नपर्ने साउदी अरबियामा यसपटक हिउँ मात्र परेन, ठूलो पानी परेको छ । त्यस्तै नेपालका हिमतालहरु फुटेर जीवन अस्थिर बनेका छन्, पानी मुसलधारे यसरी परेको छ कि कहिल्यै अनुभव नगरिएको बाढी भोग्नु परेको छ र लाखौं मानिस प्रभावित भएका छन् । अचानक हिमपहिरो गएर खुम्बु क्षेत्रको थामेमा गाउँ नै बगायो झिलमिल घाम लागेकै दिन । यसले नदीतटीय क्षेत्रमा जीवन अन्यौलपूर्ण भएको छ । अनावश्यक रुपमा पाएको दुष्परिणामको फल कहिलेसम्म भोगिरहने ? आफूले नगरेको पापको फल अनावश्यक रुपमा भोग्नुपर्ने देशहरुका लागि जलवायु परिवर्तनका लागि भोगेको अन्यायको कसरी क्षतिपूर्ति गर्ने ? आजको समस्या भनेको यही हो । सन् २०२३ मा दुबईमा भएको कोप सम्मेलनले हानी र नोक्सानी कोषको व्यवस्था गर्ने ऐतिहासिक निर्णय भएको थियो ।

विश्वमा जलवायुपरिवर्तनका परिणामहरु देखिन थालेपछि यसबाट प्रभावित देशहरुका पक्षमा संयुक्त राष्ट्रसङ्घले ध्यान दिन थालेको छ । योपृथ्वीमा जलवायुपरिवर्तनका कारणलेप्राकृतिक स्वरुपमा हुन थालेको परिवर्तनलाई ध्यान दिन थालेर नै कोप सम्मेलन गराउँछ र विश्वका हजारौं विज्ञ, भुक्तभोगी र रणनीतिकारहरुको भेला गराउँछ तर हरित ग्यास उत्पादन गर्ने र ओजोन तह मर्मत गर्नका लागि खासै ठोस प्रयास भएको देखिँदैन । यसको दुष्परिणामबाट नेपाल जस्ता हिमाली क्षेत्र अनि तराई मधेशजस्ता समथर भूमि भएका मुलुक जलवायु परिवर्तनका कारणले खडेरी, बेलामा पानी नपर्ने, अचानक मौसममा परिवर्तन आउने र जनधनको नोक्सान गर्ने कुरा खपेर बस्नु परेको छ ।

नेपाल असंलग्न देशहरुको पनि नेतृत्व गर्छ, सार्कको र बिमिस्टेकको पनि नेतृत्व गर्छ र विश्वको सबैभन्दा ठूला हिमालयहरु र समथर भूमि अनि वनको ठूलो भाग लिएर बसेको छ । नेपालले कति पो कार्बन उत्सर्जन गर्छ होला र ? अनि हामीले अन्तर्राष्ट्रिय मञ्चमा उठाउनु पर्ने प्रश्न हुन्छन्- हाम्रो के दोष छ ? र हामी जलवायुको परिवर्तनको दुष्प्रभाव भोगेर कतिञ्जेल बस्ने ? अनि भएको जनधनको क्षति र प्राकृतिक रुपमा देखिने अन्यौलको क्षतिपूर्ति कसरी पाउने र कसले दिने ? यसपटक हाम्रो प्रतिनिधित्व राष्ट्रपति पौडेलको ध्यानाकर्षणले पक्कै कोपको हानी र नोक्सानी कोषमा रहेको कोषबाट आर्थिक सहयोग पाउने देशको रुपमा नेपाल प्राथमिकतामा पर्नेछ भन्ने अपेक्षा गर्न सकिन्छ।

आखिर हाम्रो बोली अरण्य रोदन हुँदोरहेछ किनभने हरित ग्यास उत्सर्जन गर्ने देशहरु त विश्वमा तापक्रम वृद्धिले भएको जलवायु परिवर्तनले उनीहरुको औद्योगिक उत्पादनमा कुनै फरक परेको छैन । युद्धमा पड्कने बम, लक्षित बारुदजन्य पदार्थहरुले जलवायुमा मात्र असन्तुलन आएको होइन कि वैश्विक हिंसात्मक युद्धमा समेत बढावा दिएका छन् । त्यसैले हामीले कोपको विपद् कोषको परिचालन, सहयोग र त्यसको सही प्रयोगको रणनीति विश्वासयोग्य बनाउनु जरुरी छ । नेपाल आफ्ना एजेन्डामा स्थिर हुनु जरुरी छ र राजनीतिक नेतृत्वमा जो भए पनि यो तापक्रम वृद्धिको अनुकूलनलाई कसरी हाम्रो तर्फबाट पनि कम गर्न सकिन्छ, त्यसबारेमा पनि अनुसन्धान जरुरी छ ।

*(स्वास्थ्यखबरडटकम बाट साभार)*

## कामना सेवा विकास बैंकले विभिन्न कार्यक्रम गरी मनायो १८औं वार्षिकोत्सव

काठमाडौं । कामना सेवा विकास बैंकले विभिन्न कार्यक्रम गरी आफ्नो स्थापनाको १८औं वार्षिकोत्सव मनाएको छ । बैंकले आफ्नो १८ औं वार्षिकोत्सवको अवसरमा देशभर सप्ताहव्यापी रुपमा विभिन्न कार्यक्रमहरु आयोजना गरी आफ्नो वार्षिकोत्सव सम्पन्न गरेको छ ।

कार्तिक २७ गते मंगलबार देशव्यापी रुपमा रक्तदान कार्यक्रम सम्पन्न गरेको छ । बैंकले आफ्नो केन्द्रीय कार्यालय सहित सम्पुर्ण क्षेत्रिय कार्यालयहरुमा रक्तदान कार्यक्रम सम्पन्न गरेको छ । विभिन्न स्थानहरुमा सम्पन्न भएको रक्तदान कार्यक्रमवाट कुल ३९३ पिन्ट रगत संकलन भएको छ । बैंकका संचालक भिम प्रसाद तुलाचनवाट बैंकको बुटवल क्षेत्रमा भएको रक्तदान कार्यक्रमको समुद्धाटन भएको थियो भने केन्द्रीय कार्यालयमा आयोजित रक्तदान कार्यक्रममा बैंकका नायव प्रमुख कार्यकारी अधिकृत विनय दाहालले हिमाल हस्पिटल, रक्तसंचार केन्द्रकी निशा भण्डारीलाई ब्लड ब्याग हस्तान्तरण गरि समुद्धाटन गरेका थिए ।

बैंकले सर्वाधिक रक्तदान गर्ने कर्मचारीहरुमा प्रमुख व्यवसाय अधिकृत दिपेन्द्र सुवेदी, कानुन विभाग प्रमुख डण्डपानी भट्टाई, जोखिम सम्पत्ती विभाग प्रमुख नितेश अर्याल, शाखा प्रमुखहरु राजेश कुईकेल र यज्ञमुर्ति लुईटेल, सवारी चालक याम वहादुर श्रेष्ठलाई केएसविविएल आईकनको रुपमा समेत सम्मान गरेको छ ।

रक्तदान कार्यक्रम कोशी प्रदेशको ईटहरी शाखा, मधेस प्रदेशको वर्दिवास शाखा, नारायणगढ क्षेत्रको खुरखुरे शाखा, पोखरा क्षेत्रको न्युरोड पोखरा शाखा, वुटवल क्षेत्रको वुटवल शाखा र पश्चिम क्षेत्रको नेपालगञ्ज शाखामा भएको रक्तदान कार्यक्रममा क्षेत्रिय प्रमुख, स्थानिय समाजसेवी, रक्तदाता तथा कर्मचारीहरुको उपस्थिती रहेको थियो ।

बैंकले आफ्नो वार्षिकोत्सवको अवसरमा सप्ताहव्यापी रुपमा देशभरका विभिन्न मठमन्दिरहरुको सरसफाई, डस्टविन हस्तान्तरण कार्यक्रम, अन्तर बैंक तथा वित्तीय संस्था स्तरिय फुटलस कप, वित्तीय साक्षरता मुलक पदयात्रा कार्यक्रमहरु आयोजना गरेको थियो ।

## भरतपुरको गीतानगरमा कृषि विकास बैंकको २७१औं शाखा

काठमाडौं । भरतपुर महानगरपालिका वडा नं. ६ गीतानगर बजारमा कृषि विकास बैंकको नयाँ शाखा शनिबारदेखि उद्घाटन गरिएको छ ।

बैंकका सञ्चालक समिति सदस्य संजिव पौडेलले दिप प्रज्वलन र रिबन काटेर गीतानगर शाखाको नयाँ कार्यालय उद्घाटन गरेका थिए ।

'साझा समृद्धिका लागि सबैको रोजाई बैंक' भन्ने दुरदृष्टिका साथ बैंकको २७१ औं र चितवन जिल्लाको १० औं शाखाको रुपमा गीतानगर शाखा उद्घाटन गरेको बैंकका कार्यकारी अधिकृत गोविन्द गुरुङले जानकारी गराए । बैंकबाट सुनदेखि नुन सम्म, हलोदेखि हाईड्रो सम्म लगानी भईरहेको र हाल वित्तिय बजारमा उपलब्ध सम्पुर्ण अत्याधुनिक बैकिङ सुविधाहरुको उपलब्धता यस बैंकसँग रहेकोले सेवा लिन बैंकका कार्यकारी अधिकृत गोविन्द गुरुङले अनुरोध गरे ।



यो क्षेत्र कृषिको लागी प्रचुर संम्भावना बोकेको क्षेत्र भएकोले सहुलियत पुर्ण कर्जाको उपयोग गरि व्यवासायीक कृषि तिर लाग्न सर्वसाधारणलाई बैंक सञ्चालक समिति सदस्य संजिव पौडेलले आग्रह गरे । पौडेलले भरतपुर क्षेत्रका जनताको जिवनस्तर उकास्न र आय स्तर वृद्धि गर्न जस्तो सुकै परिस्थितिमा पनि कृषि विकास बैंकले तपाईहरुको साथमा रही तपाईहरुको घर आगनको बैंकको रुपमा सहकार्य गर्न तयार रहेको समेत बताए ।

उद्घाटन कार्यक्रममा बैंकको गीतानगर शाखामा पहिलो खाता खोल्ने सन्तोष लामिछानेलाई चेक बुक क्यूआर कोर्ड, पहिलो कर्जाग्राही विष्णु माया गौतम र चाँदनी खरेल लगायतलाई बैंकको तर्फ फुलमालासहित सम्मान गरिएको बैंकका गीतानगर शाखा प्रबन्धक सागर प्रसाद शर्माले जानकारी दिए ।

बैंकमा झण्डै ३ लाख सेयर धनी रहेकोमा हाल गीतानगर बजार शाखा क्षेत्रमा करिब १ सय भन्दा बढी निक्षेपकर्ताले खाता खोली बैंकिङ कारोबार गर्दै आएका छन् । बैंकले १ लाख ५२ हजार कर्जाग्राहीबाट २ सय ६ अर्ब लगानी गरेको छ भने २१ लाख निक्षेपकर्ताबाट २ सय ६० अर्ब निक्षेप संकलन गरेको जनाएको छ ।

## नेपाल बैंकको ८८ औं वार्षिकोत्सव सम्पन्न

काठमाडौं । नेपाल बैंक लिमिटेडले ८८औं वार्षिकोत्सव समारोह सम्पन्न गरेको छ । वि.सं.१९९४ साल कार्तिक ३० गते स्थापना भएको नेपाल बैंक लिमिटेड शुक्रबार आफ्नो ८७ औं वर्ष पुरा गरी ८८ औं वर्षमा प्रवेश गरेको अवसरमा प्रधान कार्यालयको प्राङ्गणमा आयोजित वार्षिकोत्सव समारोह नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको छ । उक्त समारोहको अध्यक्षता बैंकका सञ्चालक समिति अध्यक्ष डा. चन्द्र बहादुर अधिकारीले गरेका थिए ।




नेपालभर २२९ शाखाहरु, २०५ एटिएम मेसिन साथै ६० वटा एक्टेन्सन काउन्टर मार्फत करिब २५ लाख भन्दा बढी ग्राहकहरुलाई वित्तीय सेवा पुर्याइरहेको यो बैंक हाल ग्राहक सेवामा व्यापक सुधार गरी आधुनिक बैकिङ प्रविधि मार्फत बैकिङ सेवा सुविधा प्रदान गर्दै प्रतिस्पर्धी रुपमा अगाडि बढिरहेको छ । करिब ९ लाखभन्दा बढी ग्राहकहरुले डिजिटल प्रविधि मार्फत बैंकिग सेवा लिई लाभान्वित रहेको जनाइएको छ ।

## ३ महिनामा ४ खर्ब बढी रेमिट्यान्स भित्रियो

काठमाडौं । चालु आर्थिक वार्षको ३ महिनामा नेपालमा भित्रने रेमिट्यान्स ११.५ प्रतिशतले वृद्धि भएको छ । यो तीन महिनामा ४ खर्ब ७ अर्ब ३१ करोड रुपैयाँ रेमिट्यान्स भित्रिएको नेपाल राष्ट्र बैंकले जनाएको छ ।

राष्ट्र बैंकका अनुसार गत वर्षको सोही अवधिमा नेपालमा भित्रिने रेमिट्यान्स




२५.८ प्रतिशतले बढेको थियो । अमेरिकी डलरमा विप्रेषण आप्रवाह ३ अर्ब ४ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह २ अर्ब ७६ करोड रहेको थियो । समीक्षा अवधिमा खुद द्वितीय आय (खुद ट्रान्सफर) रु.४४२ अर्ब ४४ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय ४०४ अर्ब ७ करोड रहेको थियो । समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या १ लाख १० हजार ६५४ र पुनः श्रम स्वीकृति लिनेको संख्या ५९ हजार ९३९ रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या क्रमशः १ लाख १३ हजार ३९७ र ४९ हजार २९७ रहेको थियो ।

## स्ट्याण्डर्ड चार्टर्ड बैंकले बोलायो साधारण सभा

काठमाडौं । स्ट्याण्डर्ड चार्टर्ड बैंकले ३८औं साधारणसभा आह्वान गरेको छ । साधारणसभा मंसिर २५ गते हुन लागेको हो । साधारणसभाले चुक्ता पुँजीको २५.५० प्रतिशत लाभांश पारित गर्ने बैंकले जनाएको छ । यसैगरी, १९ प्रतिशत




नगद र ६.५० प्रतिशत बोनस सेयर वितरण गर्ने प्रस्ताव पनि साधारणसभामा राखिने छ । साधारणसभाका लागि बैंक सञ्चालक समितिले मंसिर ८ गते बुक क्लोज गर्ने निर्णय गरेको छ ।

## नेपाल एसबिआई बैंक र एइसी ग्लोबल प्राइभेटबीच सम्झौता

काठमाडौं । नेपाल एसबिआई बैंक लिमिटेड र एइसी ग्लोबल प्राइभेटबीच सम्झौता भएको छ । बैंक र एइसी ग्लोबल प्राइभेटबीच विदेशमा अध्ययन गर्न जाने विद्यार्थीहरू लक्षित शैक्षिक कर्जा सहज रुपमा प्रदान गर्ने सम्बन्धि सम्झौता पत्रमा हस्ताक्षर भएको छ । उक्त सम्झौता पत्र बैंकका तर्फबाट प्रमूख कर्जा अधिकृत अर्जुन नेपाल र एइसीसीका तर्फबाट निर्देशक अजित सिड्वीच आदान प्रदान भएको थियो । यस सम्झौताले विदेशमा अध्ययनका लागि जाने विद्यार्थीहरूलाई शैक्षिक कर्जा प्राप्त गर्ने प्रक्रियालाई सहज बनाउने लक्ष्य राखेको छ । सो कार्यक्रममा बैंक तथा एइसीसीका अन्य पदाधिकारीहरू समेतको उपस्थिति थियो ।

हाल बैंकले १०० शाखा, २२ एक्सटेन्सन काउण्टर, ७ प्रदेश कार्यालय, १९ शाखारहित बैंकिङ सेवा, १२१ एटीएम र १ कर्पोरेट कार्यालय मार्फत सेवा प्रदान गर्दै आएको छ ।

## एभरेष्ट बैंक र एनसीएचएलबीच 'एलिपे प्लस' मार्फत अन्तरदेशीय भुक्तानी गर्ने सम्झौता

काठमाडौं । एभरेष्ट बैंक लिमिटेड र नेपाल क्लियरिङ हाउस लिमिटेडबीच 'एलिपे प्लस' को नेटवर्कमा रहेका सदस्य वालेटहरू मार्फत नेपाल-पे मर्चेन्टहरूका क्यूआर कोडमा अन्तरदेशीय भुक्तानीका लागि सम्झौता भएको छ सम्झौता पत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत सुदेश खालिङ र एनसीएचएलका तर्फबाट प्रमुख कार्यकारी अधिकृत नीलेशमान सिंह प्रधानले हस्ताक्षर गरे ।

यो सम्झौता अन्तर्गत नेपालमा रहेका नेपाल पे क्यूआर तथा यसका इन्टरओपरेबल क्यूआरको मर्चेन्ट क्यूआरमा एलिपे प्लसको नेटवर्कमार्फत भुक्तानी गर्न सकिने छ । चाइना, हङकङ, सिंगापुर, मलेसिया, इन्डोनेसिया, फिलिपिन्स, मंगोलिया, थाइल्याण्ड, दक्षिण कोरिया, स्वीडेन तथा इटली लगायत देशबाट नेपाल आएका पर्यटकले आफ्नो डोमेस्टिक वालेटमार्फत नेपालमा रहेका नेपाल पे क्यूआर तथा यसका इन्टरओपरेबल क्यूआरमा सजिलै भुक्तानी गर्न सक्नेछन्।

एलिपे प्लसको नेटवर्कमा ६६ वटा विभिन्न ग्लोबल मार्केट अन्तर्गत ३० भन्दा बढी इसुइङ उपकरण, ३०० भन्दा बढी अक्वाइरिङ नेटवर्क ९ करोड भन्दा बढी ग्लोबल मर्चेन्टहरु आबद्ध रहेका छन्। एनसीएचएलले एलिपे प्लससँग अन्तर्राष्ट्रिय भुक्तानी साझेदारका रूपमा आबद्ध भई दुई नेटवर्कबीच भुक्तानी सुचारु गर्नका निम्ति आवश्यक व्यवस्था मिलाइसकेको जनाएको छ । यो पहलअनुरुप अब एभरेष्ट बैंक सँग सो भुक्तानी सेवा कार्यान्वयन गर्नका लागि सम्झौता भएको हो।

## सांग्रिला बैंक र बृहत इन्भेष्टमेन्टबीच सम्झौता

काठमाडौं । सांग्रिला डेभलपमेन्ट बैंक र ललितपुरको कुपण्डोलस्थित बृहत इन्भेष्टमेन्ट प्रालिबीच मंगलबार व्यावसायिक सम्झौता भएको छ । बैंकले ग्राहकलाई घरजग्गा खरिद गर्न झन्झटरहित, सहज र सरल कर्जा सेवा प्रदान गर्ने उद्देश्यले सम्झौता भएको हो ।

सम्झौतामा बैंकको तर्फबाट काठमाडौं क्लस्टर प्रमुख सुप्रिया श्रेष्ठ र बृहत इन्भेष्टमेन्ट प्रालिको तर्फबाट कार्यकारी निर्देशक पूर्णिमा राजभण्डारीले हस्ताक्षर गरे । कुनै पनि व्यक्तिले बृहत इन्भेष्टमेन्टद्वारा सञ्चालित चापागाँउ




परियोजना अन्तर्गतका घरजग्गा खरिद गर्न चाहेको खण्डमा साङ्ग्रिला डेभलपमेन्ट बैंले सो खरिदकर्तालाई सहज तरिकामा कर्जा उपलब्ध गराउने व्यहोरा सम्झौता पत्रमा उल्लेख गरिएको छ । यसैगरी, घरजग्गा खरिद गर्न अधिकतम ४० वर्षसम्मको समयावधिका लागि अधिकतम कर्जा रकम २ करोड रुपैयाँसम्म उपलब्ध गराइनेछ । कर्जाको ब्याज दर ९.९९% तोकिएको र पहिलो ७ वर्षसम्मको लागि ब्याजदर स्थिर रहने व्यहोरासमेत सम्झौतापत्रमा उल्लेख गरिएको छ ।

## सानिमा बैंकको ५ प्रतिशत लाभांश पारित

काठमाडौं । सानिमा बैंकको २०औं वार्षिक साधारण सभा सम्पन्न भएको छ । मंगलबार सम्पन्न भएको साधारण सभाले चुक्ता पुँजीको ५.२६ प्रतिशत नगद लाभांश (करसहित) प्रदान गर्ने प्रस्ताव पारित गरेको हो । आर्थिक वर्ष




२०८०/८१ मा २.४० अर्ब रुपैयाँ खुद मुनाफा गरेको बैंकको कुल सम्पत्ति २३३.८६ अर्ब रुपैयाँ, कुल निक्षेप १९९.३८ अर्ब रुपैयाँ तथा खुद कर्जा सापटी १६४.९४ अर्ब रुपैयाँ रहेको छ । आर्थिक वर्ष २०७९/८० को तुलनामा निक्षेप, कर्जा सापटी र कुल सम्पत्तिमा क्रमशः ११.४८, १०.०६ र ८.४५ प्रतिशतले वृद्धि गरेको छ । बैंकको वित्तीय परिसूचकअनुसार बैंकको निष्क्रिय कर्जा १.७२ प्रतिशत, पुँजी कोष १३.२१ प्रतिशत, तरलता २९.२१ प्रतिशत र कर्जा निक्षेप अनुपात ८०.५३ प्रतिशत रहेको छ ।

## महालक्ष्मी विकास बैंकले ८.९९ प्रतिशतमै हरित घर कर्जा प्रदान गर्ने

काठमाडौं । महालक्ष्मी विकास बैंकले ग्राहकहरुलाई लक्षित गरी महालक्ष्मी हरित घर कर्जा एकल अंकको ब्याजदर ८.९९ प्रतिशतमा नै प्रदान गर्ने भएको छ । दिगो र वातावरणमैत्री कर्जा प्रदान गर्ने बैंकको निति बमोजिम




बैंकले यस्तो कर्जा प्रदान गर्न लागेको हो । बैंककाअनुसार जल उर्जा, फोहोर पानी निर्मलीकरण, वायु उर्जा, सौर्य उर्जा, जैविक उर्जा लगायतका कृषि तथा वन जंगलमा आधारित भएर निर्माण गरिने घरको लागि यस्तो कर्जा प्रदान गरिनेछ । न्यूनतम २ वर्षदेखि अधिकतम ३० वर्ष अवधी रहने गरी बैंकले कर्जा प्रदान गर्नेछ । यस्तो कर्जा वातावरणीय विशेषता पुष्टी गर्न सक्ने तथा नवीकरणीय वा दिगो स्रोतहरुको प्रयोग गरेर-गरिएका घर खरिद गर्न, घर निर्माण गर्न, अर्पाटमेन्ट खरिद गर्न, घर थप-पुनिर्माण-मर्मत सम्भार गर्न प्रदान गरिने बैंकले जनाएको छ । यस्तो कार्यबाट वातावरण संरक्षण गर्न, दिगो विकासको प्रर्वद्धन गर्न तथा नेपाल राष्ट्र बैंकको नियामकीय निर्देशनको पालना गर्न समेत सहयोग पुग्ने विश्वास बैंकले लिएको छ ।

## १०३ रुपैयाँमै सिटिजन्स बैंकको सेयर किन्ने मौका

काठमाडौं । सिटिजन्स बैंकको संस्थापक सेयर बिक्रीमा राखिएको छ । बैंकका संस्थापक सेयरधनी रघुवेन्द्र अग्रवालको नाममा रहेको ४ हजार ४४० दशमलव ८७ कित्ता सेयर बिक्रीमा राखिएको हो । बैंकको उक्त संस्थापक सेयरमा सर्वसाधारण लगानीकर्तले आवेदन दिन सक्नेछन् । उक्त सेयरको मूल्य प्रतिकित्ता १०३ रुपैयाँ तोकिएको छ । लगानीकर्ताले आवेदन दिँदा सो मूल्य वा सोभन्दा बढी तोकी ७ दिनभित्र आवेदन दिन पर्नेछ ।



# कुकर्म बढी गर्दा लोकतन्त्रमा विकृति

**अच्युतप्रसाद पौडेल 'चिन्तन'**

हाम्रो लोकतन्त्र अचम्मको छ, यहाँ सुकर्म औँलाले गन्नुपर्ने भए पनि कुकर्म भने गनिसाध्य छैन। लोकतन्त्रमा अहंकार बढ्नु पनि राम्रो होइन। वर्षौंअघिदेखि अलपत्र परेको चितवन बुटवल सडक खण्डका लागि प्रधानमन्त्री बोल्नुपर्ने, व्यापारीको विजुली महसुल असुल नगरी प्रधानमन्त्री संसद्मा बोल्नुपर्ने र मन्त्रिपरिषद्बाटै निर्णय गराई उद्योगमा टुटेको लाइन जोडिनुपर्ने, राज्यका अन्य संयन्त्रहरू काम नलाग्ने गरी खिया लगाउने लोकतन्त्रको अभ्यास भइरहेको छ देशमा। राज्यको चरम दोहन गर्न उद्यत् यो लोकतन्त्रले देशलाई कता लैजान्छ थाहा छैन तर सीमा नाघेको व्यापारघाटा र युवाविहीन समाज छ हाम्रो देशमा। बाटाघाटाहरू खण्डहर बनेका छन् भने भर्खरै देशको प्रदूषणले विश्वको छैटौं स्थान ओगटेको छ, त्यसो त यो बिस्तारै प्रथमस्थान ओगट्ने क्रममा छ, मंसिर, पुस अझ फागुनमै पनि पहिलो दर्जा प्रदूषणको एक नम्बरी हामी पहिले यसअघि धेरैपल्ट भइसकेका छौं। नैतिकता, निष्ठा र इमानदारी, सच्चरित्रताको नामोनिसान नभेटिने पनि हामी नै भएका छौं।

गण्डकीका गुन्डा नायके जो पदमा हालिमुहाली गरिरहेका थिए, अपराधी ठहरिँदै कारागार पसेका छन् भने पूर्वका मुख्यमन्त्री भनिएका लोकतन्त्रका संवाहक मानव बेचबिखनमा जापानबाट डिपोट भई प्रहरी हिरासतमा रहेका छन्। पंक्ति तयार गरुन्जेल नयाँ दलका अर्का नाइके कहिले भैरहवा कहिले पोखरामा प्रहरी हिरासतमा छन्। छयालीसको परिवर्तनपछि देखिएका परिवर्तनकारी शक्तिहरू नडामिएका सायद कमै होलान्। सबै बेठीक होलान् यो आशय होइन तर केटी काण्डदेखि, भुटानी शरणार्थी, बाँसबारी जग्गादेखि बाल मन्दिर, बालुवाटार प्रकरण, यति, ओम्नीदेखि गिरिबन्धु अनि सगरमाथाको जमिन अतिक्रमण र ठेक्कापट्टा, लघुवित्त सहकारीदेखि सुन काण्ड, पासपोर्ट काण्डदेखि दर्जनौं अन्य काण्डहरू नछर्चल्किएको दिन छैन, रात छैन, पूर्वदेखि पश्चिम दिशासम्म, देशको भूगोल छैन भन्दा हुन्छ। अविकसित कर्णालीदेखि सुदूरपश्चिमसम्म हैजाझैं फैलिएको छ भ्रष्टाचारका काण्डहरू र सबैभन्दा बढी बेरुजु स्थानीय सरकारसँग छ। राज्यको चरम दोहन गर्न प्रशासनदेखि राजनीतिकर्मीहरू माहिर भइसकेका छन्। अख्तियार र सीआईबीको टिमलाई भ्याइनभ्याइ भैसकेको छ। नीतिगत भ्रष्टाचारको वजन बढ्दै गएको छ। व्यापारीहरू राजनीतिमा संलग्न हुँदा असल व्यापार हुन सकेको छैन भने सरकारी बक्यौता नतिर्न पनि माहिर भइसकेको अवस्था छ, एनसेल काण्डदेखि ट्रंक, डेडिकेटेड विद्युत् लाइनले सञ्चारक्षेत्रलाई गतिलो मसला बनेको छ।

को सत्ता पक्ष, को प्रतिपक्ष भिन्नता छैन देशमा, यसरी तीव्र विकास भएको छ कि राति ढिलो गरी सुतेर चाँडै ओछ्यानबाट उठ्दा हिजोको सरकार ढलिसकेको हुन्छ, नयाँ लगभग बनिसकेको हुन्छ। अदालतले संसद् ब्युँताएर समय तोकेर कार्यकारी नियुक्ति दिने देश पनि हाम्रो लोकतन्त्रकै भएको छ भने व्यापारी मारवाडीलाई पशुपतिको जग्गामा मोहियानी हकदैया पुग्दैन पनि अदालतले नै भनिदिनु परेको छ। सम्बद्ध कानुनले काम गर्दा केन्द्रबाट अवरोध आउने महानगरको डोजरको साँचो केन्द्रीय गृह प्रशासनले खोसिदिने अनि अदालततिरबाट आदेश आउनुपर्ने अचम्मको लोकतन्त्र छ हाम्रो देशमा। यहाँसम्म कि नदीहरूको पानी बग्ने भूमिलाई पनि अदालतको सहारा आवश्यक परेको छ। लोकतन्त्रका मेसिनरीहरू यतिसम्म कच्चा र निष्क्रिय भएको सायद राणाकालमा पनि थिएनन् होला। सिंहदरबारमै राष्ट्रसेवकहरू धर्ना र जुलुसमा हुन्छन् र सडकमा पोखिएका राजनीतिकर्मीहरूमाथि नारा-जुलुस लागेकै भरमा अश्रुग्यास, पानीको फोहरा, निषेधाज्ञा भनौं धरपकड केही बाँकी नै रहन्न। अब त दर्जनौं सांसदहरूलाई अदालतको मानहानिको मुद्दा पनि लागिसकेको छ।

*लोकतन्त्रमा सुशासन हुन्छ, तर हामीकहाँ असल शासनको छनक पाइँदैन, अनुशासनको पाठ पढाइन्छ, व्यवहारमा देखिन्न। विकेन्द्रित शासन सत्ता भनिन्छ, श्रीहरूको आदेशबाहेक अरू संस्थाहरू निरीह रहन्छन्।*

राज्यले हरित कर थपेको छ इन्धनमा, अन्य कर प्रदूषण नियन्त्रण भन्दै मनग्य असुलेको छ, तर प्रदूषण नियन्त्रणमा छैन, पूर्वाधार कर लिएको सरकारले सडक मर्मत कर पनि लिएको छ तर सडक दुर्घटना बढेका छन्, करको सदुपयोग भएको छैन र करको मात्रामा लोकतन्त्रले भारी वृद्धि गरेकाले आम जनसमुदाय प्रताडित छन्, देश छाडेर बाहिरिएका छन्, खान-लाउन समस्या छ, खाडीको बास छ, बाकसमा लास छ, बिरामी उपचार, शिक्षा ज्यादै महँगो भएको छ, खेतबारीमा अन्न उब्जा छैन भएको पनि बाढीपहिरोमा परेको छ। देशमा खाद्यान्नको आयात बढेको छ, अन्य विषयको आयात पनि गर्नुपरेको छ, उत्पादित वस्तुको निर्यात नाम मात्रको छ, व्यापारघाटा तीव्र छ र देश भयंकर ठूलो ऋणमा छ।

जलवायु कोप सम्मेलनामा गएर विदेशीसँग हात फैलाउनुपरेको छ, यथार्थमा सुनको कचौरा लिएर हामी भिक्षा माग्ने भएका छौं। अमेरिकामा ट्रम्पको उदयसँगै अमेरिका र चीनको व्यापार युद्धले हाम्रो देशलाई के कति असर गर्ला, कूटनीतिक पहल, परिश्रम जरुरी होला कि ? बा हामी बिनाएजेन्डा उत्तरतिर लहसिन लागेका छौं कि ? सन् १९१७ देखि उत्तरी छिमेकी मित्रले हामीलाई के दिन्छु भनेको थियो, त्यो दिएको छैन कि ? अहिले चीनतिरको भ्रमणमा दौडधुप किन बढेको ? निम्तो तीन जनालाई आउँदा अजरबैजानको कोप २९ सम्मेलनमा तीस जनाको जन्ती लग्यौं हामीले, व्ययभारको लेखाजोखा भयो त। यसबाटै पनि स्पष्ट हुन्छ हामी आयभन्दा धेरै खर्च गर्दै छौं र देश ठूलै र विषम आर्थिक दुष्चक्रमा फसेको छ। विदेशीका अगाडि हामीलाई मुख देखाउन लाजै लाग्दैन। बजार त्यसै अनियन्त्रित भएको होइन हाम्रा हरेक बजेट भाषणले उपभोक्ताका गाँस खोसिरहेका हुन्छन्, प्रत्यक्ष र अप्रत्यक्ष कर वृद्धि गरिरहेको हुन्छ। भद्दा लोकतन्त्रका संयन्त्र सञ्चालनका लागि धेरै राजस्व चाहिएको छ, खर्च अधिक बढेको छ, वडाध्यक्षहरूलाई पजेरो नै चाहिएको छ, सल्लाहकार नै कति धेरै छन् घाम तापेर बसेका छन्, देशमा काम नभएर धेरै सार्वजनिक बिदाहरू थपिएको छ।

लोकतन्त्रमा सुशासन हुन्छ, तर हामीकहाँ असल शासनको छनक पाइँदैन, अनुशासनको पाठ पढाइन्छ, व्यवहारमा देखिन्न। विकेन्द्रित शासन सत्ता भनिन्छ, श्रीहरूको आदेशबाहेक अरू संस्थाहरू निरीह रहन्छन्। विद्युत्कै कुरो गर्दा पनि प्राधिकरणको सञ्चालक समिति छ, नियमन आयोग छ, ऊर्जा मन्त्रालय छ, निश्चित ऐन र विधान, कानुन छन्, देशैभरि संयन्त्रहरू परिचालित छन् तर बालुवाटारकै आदेश जारी हुन्छ लाइन जोड्नसमेत। न्युरोडमा पेटी बनाउन र भत्काउन पनि केन्द्र नै चाहिने संघीयता पनि पालेकै छौं हामीले। केन्द्रमा जाने सानातिना राजनीतिक भूकम्पको परकम्पन तलैसम्म पुग्ने गरेको छ। एकतिरको छिमेकीलाई सुम्सुम्याउँदै गर्दा अर्को छिमेकीको गर्धन बढाउने गरी काम गर्छौं हामी, असंलग्न परराष्ट्र नीतिको परिपालना भयो कि भएन ? चुच्चे नक्साको व्यावहारिक प्रयोग पनि खोज्न सक्तैनौं।

सकेसम्म नदीनालाहरूको स्वहितको प्रयोग गर्न पनि सक्दैनौं, पर्याप्त सिँचाइको अभाव छ, पिउने पानीको अभाव छ तर हजारौं नदीनालाको पानी खेर गएको छ, सवा सय वर्षमा ३ हजार मेगावाट विद्युत् उत्पादन गर्न नसकेको अवस्थामा स्वदेशमा उद्योगधन्दामा प्रयोग हुनुपर्ने बिजुली विदेशीलाई बेच्न पाइयो भन्दै मक्ख परेका छौं। जनशक्ति निर्यात गर्न लालायित लोकतन्त्र त्यसबाट आर्जित रकमले पालिएको संयन्त्रले हाम्रो कच्चा पदार्थ बिजुली बेचेर धनी हुने प्रयास गर्दै छ। बिजुलीको स्थानीय प्रयोग बढाएर पेट्रोलियम पदार्थको धेरै आयातलाई घटाउनेतिर ध्यान गएको देखिन्न, बिजुली नै पनि हामीले आयात नै गरेका छौं, घरेलु उपभोक्ता प्रयोग पनि संसारकै तुलनामा महँगो छ।

पूर्वाधार, परियोजनाहरूको लागत र समय वृद्धि भइरहने, ठेकेदारले समयमा काम नगरिदिने, असरल्ल पारेर काम छोड्दै राजनीतिक भेटघाट बढाउने गरिरहेका छन्। सुरुङमार्ग भनियो, रेलमार्ग भनियो, घरघरमा ग्यास पाइपलाइन भनियो, बिजुली बटम थिचेर सयौंको संख्यामा स्वास्थ्य संस्थाहरू उद्घाटित भए, हवाईजहाजका ठूला विमानस्थल बने, फेरि बनाइने चर्चा छ तर विमानहरू सञ्चालन भएका छैनन्, पर्यटकहरूको संख्या वृद्धि भनिरहँदा बसाइको दिन संख्या बढाउन सकिएको छैन। शिक्षाको नाममा नेपाली रकम बिदेसिने क्रम बढेको छ। समाज स्खलित हुँदै छ, बाख्रा चोरेको अभियोगमा भर्खरै धनगढीमा एक युवकको हत्या भएको छ। सामाजिक संस्थाहरूमा पनि पैसाको मोह बढेको छ, टोल सुधारका नाममा स्थानीयसँग मनग्य रकम असुल्दा स्थानीय सरकार मौन छ, खादा-माला लाउनमै व्यस्त छ। जनताको खुसी भ्रममा बाँचेको छ, यथार्थमा होइन। तिलस्मी चुनावी नाराले मतदाता निराश छन्, अल्पमतको लोकतन्त्र बाँचेको छ।

एक निर्वाचन क्षेत्रमा १० जना उम्मेदवार छन्, १० तिर मत विभाजित छ, एक जना जितेको मत संख्याभन्दा नजितेको विभाजित मत संख्या कैयन गुणाले बढी छ, जित्ने अल्पमतको व्यक्ति सिंहदरबार, बालुवाटार गएर रजगज गर्छ, हुकुमी शासन चलाउँछ। वास्तवमै लोकतन्त्रको अभिशाप भएको छ यो, एक चुनावक्षेत्रमा विजयी भएर आफ्ना बा अरू विपरीत सिद्धान्तका सहयात्री लिएर सिंहदरबार छिर्ने अनि छिटो छिटो सत्ता परिवर्तन गरिरहने प्रणाली कसरी प्रजातन्त्र हुन्छ ? विश्लेषकहरूले तर्क गरेका छन्, ह्वीप जारी हुन्छ, स्वतन्त्र मत प्रस्तुत हुन पाउँदैन। देशको मूल राष्ट्रिय संस्कृति नझल्कने गरी विदेशीको इसारामा नेसनल आईडी बन्दै छ, धर्म, संस्कृति, वेशभूषा, पहिरन कुनै आफ्नो नहुने गरी खिचाइएको फोटोलाई मात्र मान्यता दिन खोज्नुको के रहस्य हुन्छ र यो नेसनल आईडी नहुँदा राष्ट्रसेवकहरूले ऐनद्वारा खाइपाइ आएको पेन्सन र वृद्धहरूले पाइआएको वृद्धभत्ता रोकिनु दुःखद विषय हो।

यसमा अदालतको आदेशलाई पनि कार्यान्वयन नगरिएको यथार्थ छ। यसर्थ हाम्रो लोकतन्त्रले नेपालीहरूको मन मस्तिष्कलाई गहिराइसम्म छुन सकेको छैन, सतही लोकतन्त्र दिगो हुन्न, भाइभतिजा र नातागोताले चलाएको लोकतन्त्र धेरै देशमा संकटमा परेको छ। योग्यता, क्षमता र विज्ञताको कदर नहुने ठाउँमा लोकतन्त्र टिक्दैन, जहाँ असल शासन छैन, पारदर्शिता छैन, जिम्मेवारीबोध छैन, फटाहाहरूको मात्र हालीमुहाली भइरहन्छ भने त्यस्तो लोकतन्त्र देशको अभिशाप हुन्छ।

# सबैभन्दा बढी कर तिर्ने नबिल बैंक

काठमाडौं। नबिल बैंक यो वर्ष पनि सबैभन्दा बढी कर तिर्ने बैंकका रूपमा सम्मानित भएको छ। मूल्य अभिवृद्धि कर लागू भएको दिन १ मंसिर स्मरण गर्दै २०६९ सालदेखि नेपाल सरकारले राष्ट्रिय कर दिवस मनाउँदै आएको।

कर दिवसको अवसरमा सरकारले बैंक तथा वित्तीय संस्थातर्फ धेरै कर बुझाउने करदाताहरूका रूपमा नबिल बैंकलाई सम्मान गरेको हो। बैंकले आर्थिक वर्ष २०७९/८० मा सबैभन्दा बढी कर तिर्ने बैंकको रूपमा प्रमाणपत्रसहित सम्मान पाएको हो।

शनिबार आन्तरिक राजस्व विभागमा भएको विशेष कार्यक्रममा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले नबिल बैंकलाई पुरस्कृत गरेका हुन्। नबिल बैंकको तर्फबाट वरिष्ठ नायव प्रमुख कार्यकारी अधिकृत सुजितकुमार शाक्यले सम्मान लिएका छन्।




बैंकले योसहित आठौं पटक सबैभन्दा बढी कर तिर्ने बैंकका रूपमा सम्मान भएको हो। यसअघि आर्थिक वर्ष २०६७/६८, २०७०/७१, २०७१/७२, २०७३/७४, २०७५/७६, २०७६/७७ र २०७७/७८ को विवरणको आधारमा पनि नबिलले सबैभन्दा बढी कर तिर्ने बैंकको सम्मान पाएको थियो।

## गम्भीर बहादुर हाडाको

## बृहस्पति पुस्तक प्रकाशनबाट प्रकाशित पुस्तकहरु

- **गम्भीर बहादुर हाडा, अर्थशास्त्र शिक्षण विधि** (Method of Teaching Economics), **त्रि.वि.शिक्षाशास्त्र सङ्काय अन्तर्गत बि.एड. तेस्रो वर्ष** Eco.Ed. 432 **तथा** 439 **को पाठ्यक्रममा आधारित** A Complete Reference Book with T.U. Solution, **बि.एड.तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०७९/८०, काठमाडौं, नेपाल।**
- **गम्भीर बहादुर हाडा, शिक्षाको अर्थशास्त्र** (Economics of Education), **त्रि.वि.शिक्षाशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.एड्. दोस्रो वर्ष** Eco.Ed. 424 **को नयाँ पाठ्यक्रममा आधारित** A Complete T.U. Reference Book, **बि.एड. दोस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।**
- **गम्भीर बहादुर हाडा, बृहत अर्थशास्त्र** (Macro Economics), **त्रि.वि.मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए. दोस्रो वर्षको** Eco- 423 **को नयाँ पाठ्यक्रममा आधारित** A Complete Reference Book with T.U.Solution, **बि.एड. दोस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०७९/८०, काठमाडौं, नेपाल।**
- **गम्भीर बहादुर हाडा, व्यवस्थापकीय अर्थशास्त्र र अर्थशास्त्र शिक्षामा अनुसन्धान** (Managerial Economics & Research in Economic Education), **त्रि.वि.शिक्षाशास्त्र सङ्काय अन्तर्गत बि.एड्. चौथो वर्ष** Eco Ed. 445 **को पाठ्यक्रममा आधारित** A Complete Reference Book with T.U.Solutions, **बि.एड. चौथो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।**
- **गम्भीर बहादुर हाडा, आर्थिक विश्लेषण** (Economic Analysis), **त्रि.वि.शिक्षाशास्त्र सङ्काय अन्तर्गत बि.एड्. प्रथम वर्ष** Eco Ed. 416 **तथा** 418 **को पाठ्यक्रममा आधारित** A Complete Reference Book with T.U.Solutions, **बि.एड. प्रथम वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।**
- **गम्भीर बहादुर हाडा, विकास अर्थशास्त्र र नेपालको अर्थशास्त्र** (Development Economics & Nepalese Economics), **त्रि.वि.मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत बि.ए. तेस्रो वर्ष** Eco 314 **को पाठ्यक्रममा आधारित** A Complete Reference Book with T.U.Solutions, **बि.ए. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०७५, काठमाडौं, नेपाल।**
- **गम्भीर बहादुर हाडा, सम्यक पोखरेल, आधुनिक अर्थशास्त्र** (Modern Economics), Completely Based on HSEB Economics Curriculum (A Complete Reference Book with HSEB/NEB Solutions, **बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०७६, काठमाडौं, नेपाल।**
- **गम्भीर बहादुर हाडा, नेपालको अर्थव्यवस्था** (Nepalese Economy), **त्रि.वि.शिक्षाशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.एड्. दोस्रो वर्ष** Eco Ed. 422 **तथा** 428 **को नयाँ पाठ्यक्रममा आधारित** With Model Questions & Solutions, **बि.एड. दोस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।**
- **गम्भीर बहादुर हाडा, सार्वजनिक वित्त** (Public Finance), **त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए.तेस्रो वर्ष** Eco 425 **को पाठ्यक्रममा आधारित** A Complete Reference Book with T.U.Solutions, **बि.ए. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।**
- **गम्भीर बहादुर हाडा, अन्तर्राष्ट्रिय अर्थशास्त्र** (International Economics), **त्रि.वि. शिक्षाशास्त्र सङ्काय अन्तर्गत बि.एड्.तेस्रो वर्ष** Eco.Ed.434 **को पाठ्यक्रममा आधारित** A Complete Reference Book with T.U.Solutions, **बि.ए. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।**
- **गम्भीर बहादुर हाडा, सार्वजनिक वित्त, वित्तीय व्यवस्था र अन्तर्राष्ट्रिय व्यापार** (Public Finance, Financial System & International Trade), **त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत बि.ए.तेस्रो वर्ष** Eco -314 **को पाठ्यक्रममा आधारित** A Complete Reference Book with T.U.Solutions, **बि.ए. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०७८/७९, काठमाडौं, नेपाल।**
- **गम्भीर बहादुर हाडा, शिक्षाको अर्थशास्त्र** (Economics of Education), **त्रि.वि. शिक्षा शास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.एड्.दोस्रो वर्ष** Eco. Ed. 424 **को नयाँ पाठ्यक्रममा आधारित** A Complete Reference Book with T.U.Solutions, **बि.ए. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।**
- **गम्भीर बहादुर हाडा, विकास र योजनाको अर्थशास्त्र** (Economics of Development & Planning), **त्रि.वि. शिक्षाशास्त्र सङ्काय अन्तर्गत बि.एड्.दोस्रो वर्ष** Eco.Ed. 423 **को पाठ्यक्रममा आधारित** A Complete Reference Book with T.U.Solutions, **बि.ए. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०७९/८०, काठमाडौं, नेपाल।**
- **गम्भीर बहादुर हाडा, अर्थशास्त्र, पाठ्यक्रम विकास केन्द्रद्वारा जारी अर्थशास्त्र (३०४) को नयाँ पाठ्यक्रममा आधारित** A Complete NEB Reference Book on, **बृहस्पति पुस्तक प्रकाशन प्रा.लि., कक्षा १२, २०८०/८१, काठमाडौं, नेपाल।**
- **गम्भीर बहादुर हाडा, मुद्रा, वित्तीय प्रणाली र अन्तर्राष्ट्रिय व्यापार** (Money, Financial System & International Trade), **त्रि.वि. मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए.चौथो वर्ष** Eco. 426 **को नयाँ पाठ्यक्रममा आधारित** A Complete Reference Book with T.U.Solutions, **बि.ए. चौथो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।**
- **गम्भीर बहादुर हाडा, विकास अर्थशास्त्र, योजना र नेपालको अर्थशास्त्र** (Development Economics, Planning and the Economy of Nepal), **त्रि.वि. मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए.दोस्रो वर्ष** Eco 424 **को पाठ्यक्रममा आधारित** A Complete Reference Book with T.U.Solutions, **बि.ए. दोस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०७९/८०, काठमाडौं, नेपाल।**
- **गम्भीर बहादुर हाडा, अनुसन्धान पद्धति र प्राज्ञिक लेखन** (Research Methodology & Academic Writing), **त्रि.वि. मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए.चौथो वर्ष** Eco. 427 **को नयाँ पाठ्यक्रममा आधारित** A Complete Reference Book with T.U.Solutions, **बि.ए. चौथो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।**
- **गम्भीर बहादुर हाडा, सार्वजनिक वित्त** (Public Finance), **त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए.तेस्रो वर्ष** Eco 425 **को पाठ्यक्रममा आधारित** A Complete Reference Book with T.U.Solutions, **बि.ए. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।**
- **गम्भीर बहादुर हाडा, सरकारी वित्त र वित्तिय प्रणाली** (Government Finance & Financial System), **त्रि.वि. शिक्षाशास्त्र सङ्काय अन्तर्गत बि.एड्.तेस्रो वर्ष** Eco.Ed. 433 **को पाठ्यक्रममा आधारित** A Complete Reference Book with T.U.Solutions, **बि.एड. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।**

# सहकारी पीडितलाई न्याय नदिन नै रविको पक्राउ !

**डा. विमलकुमार तिवारी**

**प्रजतान्त्रको आगमनपछि निर्मित राजनीतिक संयन्त्र र अर्थतन्त्रमाथिको घेराबन्दीले नियतबस या भुलबस धक्का या चुक दियो या थियो, समयले सावित गर्ला, तर यसले नेपालको नियामकीय प्रणालीमाथि विषयगत अनुभवको आवश्यकता, विषय संवेदनशीलता, घटनाको आकलन, निर्णय क्षमता र संयन्त्रको धरातलीय औकात देखाएको पक्कै छ। यो कुराको ज्ञात नेपाली राजनीतिज्ञ, यिनका मन्त्री, नियमनकारी निकायले समाधान दिने योग्यता र विज्ञताको आधार के भन्ने प्रश्न देशसामु छ ? सहकारी पीडितको समस्याले समग्र सहकारी संरचना धर्मराएको छ। यसै विषयलाई लिएर भन्नुपर्दा रवि लामिछानेको पक्राउ प्रतिशोध हो। यसले समग्र सहकारी पीडितको समस्या समाधान नहुने भन्दै संसद र सडक तातिएको छ।**

दलीय राजनीतिको पासो अहिले समग्र अर्थतन्त्रको फासो सावित भएको छरु। सहकारीका बचतकर्ता संगठित छैनन्, सञ्चालकहरु नै दल र दलभित्रका मसिहा जस्तै शीर्ष नेताहरु वरिपरि पकड जमाएर गुट-उपगुटमा संगठित र सामेल भै पक्ष पोषित भएको देखिन्छ रु। यस क्षेत्रमा कसको पकड मजबुत छ भन्ने प्रमाणको रुपमा बुझ्न सजिलो छ। सहकारी विभागले सहकारी ऐन २०७४ को दफा (४१) को उपदफा ( ५) अनुसार कुनै व्यक्ति एकै समयमा एकमात्र सहकारी संघसंस्थाको सञ्चालक हुनसक्ने भन्ने निर्देशन, तत्कालै नेकपा एमाले सहकारी विभागको २०८१ असार १९ को बैठकले त्यो निर्देशन कार्यान्वयन नगर्न आग्रह गऱ्योरु। यस्तो हस्तक्षेपले सुशासन कसरी आउँछ ? बचत फिर्ता कसरी र कहिले हुन्छ ?

बचतकर्ताको ठगिएको पैसा फिर्ता गर्न ठगहरूले पैसा कहाँ लगे भनेर खोज्नुपर्छरु। सहकारी समस्याग्रस्त घोषणा हुनुअघि नै सञ्चालकले सम्पत्ति लुकाउन आफ्नो सम्बन्धितको नाममा ऋण परिचालन गरी सहकरी सिद्धान्तको धज्जी उडाएर छोटो समयमा धनी बन्ने, मुनाफा कमाउने, व्यापर विस्तार केन्द्रित भयोरह्यो। घरजग्गा, भवन हाउजिङ, मिडिया, स्वास्थ्य सेवा, होटेल क्षेत्रमा लगानी भयो र विदेश लैजाने गरेको देखिए पनि एउटा शक्तिशाली नियामक निकायमार्फत नियन्त्रण र नियमन गर्न नसक्ने हाम्रो प्रणाली समय सापेक्ष नरहेकोको ज्वलन्त उदाहरण हो।

आव २०८१/८२ को नीति तथा कार्यक्रममा समेत 'सहकारी नियमनका लागि विशिष्टीकृत नियामक निकाय गठन गरिने' भनेको छरु। प्रतिवेदनले सहकारी विकास बोर्ड र सहकारी विभाग गाभेर सहकारी प्राधिकरण गठन गर्न भनेको छ रु। यस्तो प्राधिकरणले सहकारीको नियमित अनुगमन गर्नेछ रु। निक्षेप र पुँजी परिचालनका आधारमा सहकारीलाई पनि बैंक जस्तै 'क', 'ख', 'ग' मा वर्गीकरण गर्नेछ रु। १०० करोडभन्दा बढी कारोबार गर्ने संस्थालाई राष्ट्र बैंकले, १० देखि १०० करोडसम्म कारोबार गर्ने सहकारीलाई प्राधिकरणले र १० करोडभन्दा कम कारोबार गर्ने सहकारीलाई स्थानीय तहले अनुगमन तथा नियमन गर्ने भनिएको छ,रुतर सरकारको ध्यान छैन।

सहकारी समस्याको समाधान गर्न पीडित सहकारी सदस्य नै जाग्नु अपरिहार्य होरुरु। सहकारी प्राधिकरण, कर्जा सूचना केन्द्र, कर्जा असुली न्यायाधीकरण र सहकारी बचत तथा कर्जा सुरक्षण कोष, छुट्टै 'वित्तीय अनुसन्धान ब्युरो' गठन कहिले हुन्छ ? राजनीतिक स्वार्थसिद्धि र प्रतिशोधको आधारमा कारबाही भइरहला, तर समस्या समाधान आकाशको फल झैं सावित नहोस्।

देश तरलताको अभाव, कर्जा संकट, घरजग्गा कारोबार संकट हुँदै गहिरिँदो अनिश्चितकालीन चरम मन्दीबाट मुक्तिको व्यग्र पर्खाइमा छ। कर्मभन्दा पनि देवत्व र निराशाको महामारीमा फसेको छन् जनता। आर्थिक अराजकता र विचलनको स्थितिमा छ देश। हुन त २०७८ भाद्र १३ गते अन्नपूर्णको मेरो सुझावसहितको आलेख, मन्दीको प्रभाव र पूर्वानुमान सत्य सावित भयो। वैचारिक दलीय स्वार्थ र राजनीतिक छलको नीतिले नागरिकलाई अनागरिक र गैरनागरिकलाई नागरिक बनाएन, वैदेशिक रोजगारमार्फत देशको यौवन र जाँगर बेचियो। नागरिकको मताधिकारको समुचित कदर पनि गरेनन् र हक सुरक्षित भएन।

आन्तरिक द्वन्द्व, अन्तरपार्टी द्वेष, राज्य व्यस्थापन र सिकाइमा अल्मलियो विचारको राजनीति। चरम बेथिति र विसंगतिमार्फत स्वार्थ समूहले धेरै बाँध्दै गए। दलहरु तस्कर र व्यापारिक घरानामा निर्भर हुँदै गए। राजनीतिक उपलब्धिस्वरुप योग्यता र विज्ञता खरिद-बिक्री गर्दै स्वार्थसिद्धि र राज्यको दोहनमा व्यस्त रहे दलहरु। बिर्सिए देशप्रति आआफ्नो रचनात्मक भूमिका र सघर्षको सान्दर्भिकता। छिमेकको सिको गर्दै स्वाभीमान संकटमा परेको थाहै भएन। सांस्कृतिक क्रान्ति, पुँजीको रुपान्तरण, उद्यमशीलता र औद्योगिक विकास एवम् यसको प्राथमिकता र गुणात्मक प्रतिस्पर्धाको महत्व भुले। राजनीतिक दलहरुले खनेको भूमरीमा फसेको छ नेपाली राजनीतिक वृत्त। जनता निर्दलीय पश्चगामी सोच अभिप्रेरित हुन बाध्य छन्। युवा जमात यस्तो सोच स्वीकार कदापि गर्न सक्दैन।

सन् २०१२ देखि मैले पनि युवा जमातबीच विद्रोहको आवाज दिँदै सचेत गराउँदै आएको छु। रवि लामिछानेको स्वतन्त्र अभियान्ता र परिवर्तन पक्षधरहरु एकीकृत गरी दलीय प्रणालीभित्रैबाट दलीय व्यवस्थालाई चुनौती दिनु संवैधानिक निकास र गन्तव्यको सफलता सावित हुनसक्छ भन्ने निष्कर्षसहित संगठित हुँदै लक्ष्यमा समर्पित हुँदैछन्। यसै परिवेशमा स्थानीय तह निर्वाचनमा बालेनको स्वतन्त्र उमेदवारी र जीतले प्रतिविम्बको रुपमा स्थापित गर्छ र उसको विजय सुनिश्चित हुनुपर्छ भनेर खुला हृदयदेखि साथ रह्यो। बालेनले यसको श्रेय दिन परेन र त्यो आवश्यक पनि भएन, तर जे होस्, बालेनले समग्र देशको भावनालाई जोडेर सम्पूर्ण युवा जमातको गरिमा र काँध उँचो गरेका छन्। बौद्धिकताको सामर्थ्य कस्तो हुन्छ, कामबाट सावित गरेका छन्। उनको शैलीदेखि जनता लालायित छन्।

ढ्याँग्रो बजाएर रवि लामिछाने स्वत्रन्त्र अभियानमार्फत दलीय मसिहाहरुलाई चुनौती दिएका छन् र बालेनले सुरक्षा कवचको रुपमा काम गरेको छ। बागमतीको पानी सफा र पानीको तह माथिसम्म आएको छ। चोपल्ने र पुर्ने कुरामा हामी एकमत हुनैपर्छ। मूल कुरा स्वाभीमानपूर्वक बाँच्नुपर्छ। हाम्रो काम समाधानउन्मुख हुनुपर्छ। ऐक्यबद्धता र साहस युवा पुस्ताले देखाउनैपर्छ।

प्रजतान्त्रको आगमनपछि निर्मित राजनीतिक संयन्त्र र अर्थतन्त्रमाथिको घेराबन्दीले नियतबस या भुलबस धक्का या चुक दियो या थियो, समयले सावित गर्ला, तर यसले नेपालको नियामकीय प्रणालीमाथि विषयगत अनुभवको आवश्यकता, विषय संवेदनशीलता, घटनाको आकलन, निर्णय क्षमता र संयन्त्रको धरातलीय औकात देखाएको पक्कै छ। यो कुराको ज्ञात नेपाली राजनीतिज्ञ, यिनका मन्त्री, नियमनकारी निकायले समाधान दिने योग्यता र विज्ञताको आधार के भन्ने प्रश्न देशसामु छ ? सहकारी पीडितको समस्याले समग्र सहकारी संरचना धर्मराएको छ। यसै विषयलाई लिएर भन्नुपर्दा रवि लामिछानेको पक्राउ प्रतिशोध हो। यसले समग्र सहकारी पीडितको समस्या समाधान नहुने भन्दै संसद र सडक तातिएको छ।

सरकार ठूला बचतकर्ताको स्रोतको खोजी गर्ने, जीबी, छवि, रवि र केही सामान्य व्यक्तिमात्रको पछि परेकाले शंका थपेको छ। भोलि रामे, श्यामे हुँदै हजम गर्ने र वास्तविक दोषी उम्काउने नियत देखियो। हाम्रो फोहरी दलीय राजनीतिक संस्कारले सरकारलाई यति निकम्मा सावित गरेको छ कि सहकारीको पैसा देशमा छ कि देश बाहिर, यकिन गर्न सक्दैन। आखिर पैसा एउटाको खल्तीबाट अर्कोमा जान्छ, तर देशभित्रै हुन्छ देशको ढुकुटीमा। हाम्रो ढुकुटीको मालिकको जिम्मेदारी के ? कसले कसलाई किन कति पैसा दियोसम्म भन्न र बुझ्न नसक्ने प्रणाली र नेतृत्व राज्य सञ्चालन कुन तहको नेतृत्वबाट हुन्छ ? दुनियाँ हाँसेको छ।

हुतीहाराको हुती देखेर लाज लागिसक्यो। यो सरकार हुती हुनेलाई देउ, छोड भन्दैछन् जनता। समस्या के, समाधान के भन्न त सकिन्छ नि ! सिंगो देशलाई किन हुतीहारा बनाउँछौं ? कसले दियो, कसले लग्यो, खोज अनुसन्धन गर। दिने-लिनेको आधार खोज, समाधान भेटिन्छ। सहकारी पीडितले न्याय पाउँछ। चल्ला चीलले लग्यो भनेर चीलको पछि जाने कि चल्ला गन्ने र सुरक्षित गर्ने ? सरकार तिम्रो नियतमा खोट छ। शत्रुता नसाँध्नू ! सबैले यति बुझेका छन्।

राज्यको नियमाकीयसँग स्पष्टीकरण र जवाफ खोजी सम्बधित निकाय प्रमुखलाई निलम्बित गर। सबै प्रालि, पब्लिक कम्पनी चरणबद्ध पुँजीकरण प्रमाणीकरण गर। देशको प्रतिष्ठा जोगिन्छ, समाधान आउँछ। सहकारी पीडितले न्याय यही मिल्छ। दलीय आर्थिक राजनीतिक चक्रव्यूहको पर्दाफास हुनेछ। सहकारीको पैसा विभिन्न कम्पनीहरुमा पुँजीकृत भएको छ। कि त विदेशिएको हुनुपर्छ। जवाफदेही राष्ट्र बैंक, अर्थ मन्त्रालय, कम्पनी रजिष्टार कार्यालय स्वयम्ले खोजेर दिनुपर्छ। अन्यथा बालुवामा पानीसरह हुनेछ।

# Nora Baker or Nora Inayat-Khan or Madeleine

**P. Pilgrim**

This is a story of an incredibly brave and courageous lady. She was born Nora Inayat-Khan 1st January 1014 in Moscow. Her father was Inayat Khan, born in Bombay Presidency, India. Her mother was Ora Ray Baker, an American from Albuquerque, who had met Inayat Khan during his travels in the United States. They were a very artistic and musical family. In 1914, shortly before the outbreak of the First World War, the family left Russia for Britain and lived in London. However, by 1920, the family had moved to France, settling near Paris. As a young girl, Noor was described as quiet, shy, sensitive, and dreamy. Sadly her father died in 1927, and 13-year-old Noor had to take on the responsibility for her younger siblings from her grief-stricken mother. She studied child psychology at the Sorbonne university, and also music at the Paris Conservatory, composing for both harp and piano. As war spread in Europe the family fled France and settled again in England in June 1940.

Although Noor was deeply influenced by pacifist ideals, she wanted to help defeat Nazi tyranny. So she joined the Women's Auxiliary Air Force (WAAF) and was sent to be trained as a wireless operator. Later, Noor was recruited to join F (France) Section of the Special Operations Executive (SOE); and was sent for special training as a wireless operator in occupied territory. Having had previous wireless telegraphy training, Noor had an edge on those who were just beginning their radio training and was considered both fast and accurate, finally she was sent for security training. Noor was fluent in French and so was a perfect agent to be sent behind the lines into occupied France. Thus, as an SOE agent under the codename Madeleine she became the first female wireless operator to be sent from the UK into occupied France to aid the French Resistance during the Second World War.

Noor's mission was an especially dangerous one, as by 1943, an operator's life expectancy was only six weeks. The job of the operator was to maintain a link between the circuit in the field and London, sending and receiving messages about planned sabotage operations or about where arms were needed for resistance fighters. Without such communication it was almost impossible for any resistance strategy to be co-ordinated, but the operators were highly vulnerable to detection which was improving as the war progressed. In the middle of June 1943 Nora was dropped into occupied France along with several other agents under the code name Madeleine. Unfortunately, from 24th June 1943 the network, she had been sent to, began to be arrested by the Germans. Steadfastly Noor remained in radio contact with London turning down the opportunity to return to London, saying she preferred to remain, as she believed she was the only radio operator remaining in Paris.

After 3 months Noor Inayat Khan was betrayed to the Germans and on 13th October 1943, she was arrested and interrogated at the SD Headquarters, where she attempted to escape from twice. However, she did not give the Gestapo a single piece of information but lied consistently. She was seen as highly dangerous and so was the first enemy agent to be taken to Germany on 27th November 1943, where she was imprisoned at Pforzheim in solitary confinement. For ten months, she was kept there, shackled at her hands and feet. But on 12th September 1944 she was taken to the Dachau Concentration Camp with three other female prisoners. On her arrival, she was taken to the crematorium and shot dead. However, her courage and bravery was not forgotten as she was posthumously awarded the George Cross for her service, the highest civilian decoration for gallantry in the United Kingdom.

Today many Christian people face problems and difficulties the scriptures exhorts you to 'Be strong and of a good courage, fear not, nor be afraid of them: for the LORD thy God, he it is that doth go with thee; he will not fail thee, nor forsake thee.' Deuteronomy chapter 31 verse 6. No matter the problem or situation you face you are not alone for the living God is with you and he will help you.

*pilgrimway101@yahoo.com*

Considering studying or working aboard?
Come to **Joy International Language Institute**
for all levels of
English and Spanish Language Classes
including **IELTS, PTE, TOEFL**
*Improve your conversation skills speaking with a native speaker.*
Gatthaghar Road (on the way to Global Pathsala School Junior Block)
Contact the Office :
974 597 9010
joylanguageinstitute@gmail.com




निर्माणका लागि हामीलाई सम्झनु होस्
कुनै पनि किसिमका निर्माण कार्य गर्नु परेमा, बाटो बनाउने, भवन निर्माण गर्ने तथा विशेष गरी विद्युतीय सबस्टेशनको निर्माण, मर्मत आदि कार्यको लागि हामीलाई सम्झनु होस्।
विद्युतीय सबस्टेशनसँग सम्बन्धित कार्यहरूका लागि हाम्रो सेवा तपाईका लागि एकदमै उपयोगी र प्रभावकारी हुन सक्छ किनकि सो क्षेत्रमा हाम्रो दक्षताले गर्दा मुलुकको विद्युत विस्तारमा ठूलो योगदान मिलेको छ। त्यसैले विद्युतीय पोल बिस्तारदेखि तारहरू तान्ने कार्यहरूमा हामीले गुणस्तरीय सेवा प्रदान गर्दै आएका छौं।
'तपाइहरूको सन्तुष्टि नै हाम्रो उपलब्धि हो'
प्रविधि कन्स्ट्रक्सन प्रा.लि.
कृष्ण नगरकोटी
काठमाडौं - ११, काठमाडौं
सम्पर्क नं. ९८४१७२५६६२

## हट्ने ...

रकम लिएको उजुरी बालुवाटारमा परेको छ। त्यसैगरी मन्त्री पदबाट फिर्ता बोलाइन लागेका एमालेका अर्का हुन्- उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारी। भण्डारीलाई उद्योगीहरूको पक्षमा राम्रो काम नगरेको र बजार अनुगमनमा प्रभावकारी भूमिका खेल्न नसक्दा महँगीले जनताको ढाड सेकेको र मुल्यवृद्धि रोक्न नसकेको लगायतका आरोप लागेका छन्।

यसैगरी काँग्रेसबाट पर्यटन नागरिक उड्डयन मन्त्री बद्रीप्रसाद पाण्डेलाई काँग्रेसकै सांसद राजेन्द्र बजगाईले भैरहवामा क्यासिनो सञ्चालन गर्न अनुमति दिँदा करोडौं रकम खाएको आरोप लगाएका छन्। यसैगरी नेपाल वायुसेवा निगमको अवस्था सुधार गर्न नसकेको तथा हवाईमाफियाहरुसँग साँठगाँठ गरेको लगायतका आरोप लागेपछि मन्त्री पद धरापमा परेको समाचार श्रोतले बताएको छ। मन्त्री पाण्डेले आफूमाथि लागेको आरोपको छानविन गर्न काँग्रेसको अनुशासन समितिमा उजुरी दिएको श्रोतले जानकारी दिएको छ।

त्यसैगरी वन तथा वातावरण मन्त्री ऐनबहादुर शाहीलाई अजरबैजानको कोप-१९ सम्मेलनमा मन्त्रालयका लावालस्कर लिएर गएको र परिणाम देखिने काम गर्न नसकेको आरोप लागेपछि उनको पनि मन्त्रीबाट कित्ताकाट हुने बताइएको छ। मन्त्री बनेको सय दिन बितिसक्दा पनि जनताको पक्षमा नभै आफ्नो पक्षमा मात्र ध्यान दिँदा मन्त्री पद जाने भएको हो।

## भौतिक ...

यता, प्रधानमन्त्रीको निर्देशनपछि भौतिक पूर्वाधार मन्त्री दाहाल पनि 'एक्सन' मा उत्रिएका छन्। मन्त्री दाहालले नारायणगढ-बुटवल सडकको ठेक्का तोडेर मन्त्रालय अघि बढ्ने बताए पनि अहिलेसम्म काम शुरु नभएको समाचार श्रोतले बताएको छ। एडीबीको ऋणबाट शुरु गरिएको उक्त सडक समयमै पूरा नहुँदा यात्रुहरुले सास्ती र सकसपूर्ण यात्रा गर्दै आइरहेका छन्। बजेटको अभाव देखाएर काममा आलटाल गर्दै आएको निर्माण कम्पनीलाई सरकारले भुक्तानी दिने विषयमा तलमाथि नगरेको मन्त्रालय श्रोतले बताएको छ।

आगामी मंसिर १७ गते प्रधानमन्त्री ओली चीनको औपचारिक भ्रमणमा जाने भएकाले त्यो भन्दा अगाडि नै चाइना स्टेट कन्ट्रक्सन इन्जिनियरिङ कम्पनीले शुरु गर्ने आशा एवम् विश्वास गरिएको छ। यो सडक खण्डको ठेक्का २०७४ मा चिनियाँ कम्पनीले पाए पनि सात वर्षमा ५२ प्रतिशत मात्र काम भएको स्रोतले बताएको छ। पछिल्लो समय नागढुंगा-नौबीसे, नौबीसे-मलेखु, मलेखु-मुग्लिन र मुग्लिन-पोखरा सडकले पनि गति लिन सकेको छैन।

त्यसैगरी एशियन हाइवेका रुपमा चिनिने काँकडभिट्टा-लौकही सडक पनि १० प्रतिशतभन्दा माथि उक्लिन नसक्नुमा आयोजना निर्देशक र योजना प्रमुखलाई कमजोरी ठानिएको छ। यस्तै, मध्यपहाडी, हुलाकी र मदन भण्डारी राजमार्गले पनि गति लिन नसक्दा मन्त्री दाहाल 'एक्सन' मा उत्रिन बाध्य भएका हुन्।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको बारेमा राम्रो जानकार सचिव केशवकुमार शर्माको कार्यक्षमता माथि पनि प्रश्नचिन्ह उठ्न थालेको सरोकारवालाहरुले बताएका छन्। सडक विभाग अन्तर्गतका ठूला आयोजनाहरुका केही आयोजना प्रमुखहरु 'राजाको काम, कहिले जाला घाम' भन्ने अभियानमा लागेकाले निर्माण कार्यले गति लिन नसकेको श्रोतले बताएको छ।

त्यसैगरी ठेक्का लिएर लामो समयसम्म पुल नबनाई अधुरै छाड्ने प्रवृत्तिलाई निस्तेज बनाउन नयाँ पुलहरूको ठेक्का नगरी पुल होलिडे कार्यक्रम ल्याउने तयारीमा मन्त्री लागेका छन्।

## देशलाई ...

यस्तै पाटन कृष्णमन्दिरबाट प्रभात मा.वि.त्यागल, महाबौद्ध मन्दिर वकुबहाल, थैना, टंगल, ईत टंगल, प्रयागपोखरी, लगनखेल बसपार्क, नमुना मछिन्द्र मा.वि., पाटन अस्पताल, ईखालखु, पूर्णचन्दी मन्दिर, मानभवन, जावलाखेल, पुल्चोक, ललितपुर महानगरपालिका, मदनस्मारक स्कुल, नः टोल, गाँबहाल, महापालहुँदै पुनः पाटन दरबार स्क्वायर कृष्ण मन्दिरमा नै समापन हुने गरी पदयात्रा तय गरिएको छ।

संगठनले विगत १६ बर्षदेखि नशामुक्ति अभियानमा सक्रिय रुपमा कार्य गर्दै आएको छ। समाजमा व्याप्त धार्मिक आडम्बर, सामाजिक कुसंस्कार तथा राजनीतिक भ्रष्टाचारविरुद्ध जनचेतना फैलाउँदै जातिभेद, छुवाछुत, बलिप्रथा, दाइजो प्रथा, नास्तिकता, साम्प्रदायिकता, चरित्रहीनता लगायतका विषयका विरुद्धमा संगठनले कार्य गर्दै आएको छ। यसैगरी कुसंस्कारबाट ग्रसित मानव समाजलाई हाम्रो मूल सनातन संस्कृति ऋषिकालिन परम्परासँग जोड्दै चेतनावान्, कर्मवान्, सामर्थ्यवान्, आत्मवान्, परोपकारी, क्षमाशील, त्यागपूर्ण, सौर्य, साहस, पराक्रम लगायत मानवीय मूल्य मान्यताले परिपूर्ण आध्यात्मिक समाज निर्माण हेतु यो संगठन सक्रिय रहेको बताइएको छ।

संगठनले शक्तिचेतना जनजागरण शिविर, योग, ध्यान, प्राणायाम, मन्त्रजप लगायत अष्टांग योग र नवधा भक्तिका क्रमहरु अपनाउँदै नेपालमा सयौं व्यक्तिहरुलाई नशामुक्त गरिसकेको जनाइएको छ।

## सिजल ...

पुष्कर सुनार, गायिका तथा नायिका सारिका घिमिरेको सो अवसरमा उपस्थिति थियो। यसैगरी चलचित्र नायक तथा मोडल श्रीदेव भट्टराई, विश्व भारत्तोलन विजेता जीवन गिरी, निर्देशक फोटोग्राफर कुबेर तामाङ, क्यामेराम्यान नवीन सुनुवार तथा सिजल एण्ड सिस्टर संस्थाका सचिव डिल्लीराम सिग्देल, स्थानीय सहजकर्ता तथा समाजसेवी थुप्पेन घ्यालो लामालगायतको उपस्थितिमा राहत वितरण गरिएको फाउण्डेशनले जनाएको छ।

सोही फाउण्डेशनले समाजसेवी तथा संस्थाका संयोजक राजन भण्डारीको संयोजकत्वमा पनौती-१२ का अति विपन्न तथा बाढी पीडित परिवारलाई पनि सामग्रीहरुको सहयोग गरेको छ। तीन सयभन्दा बढी परिवारलाई फाउण्डेशन अंकित बाल्टिन, पानीका फिल्टर तथा अन्य सामग्री कम्युनिटी इनोभेसन अर्गनाइजेसन तथा अन्य संस्थासँग सहकार्यगरी वितरण गरिएको थियो। फाउण्डेशन जस्तो संस्थासँग मिलेर काम गर्न पाउँदा आफू अत्यन्तै खुशी भएको इनोभेसन संस्थाका अध्यक्ष नवराज खनालले बताए।

## मंसिर ...

सांसद भ्रष्टाचारको मुद्दामा पुर्पक्षका लागि थुनामा र १ जना फरार छन्। निकट भविष्यमा यी पदमा पनि निर्वाचन हुनसक्ने जानकारहरुले बताएका छन्। संघका सांसदमा रास्वपाका सभापति रवि लामिछाने र नेकपा (एमाले) का टोपबहादुर रायमाझी र राप्रपाका समानुपातिक सांसद गीता बस्नेत रहेका छन्। प्रदेश सांसदहरुमा कोशीका लीलाबल्लभ अधिकारी, गण्डकीका राजिव गुरुङ (दीपक मनाङे) लगायत छन्।

## लुटधन्दा ...

बेच्छन्। अहिले हामीले लगाएका कपडादेखि खाने खाद्यान्न सबै विदेशबाटै आयात गरिएको हो। नेपालमै उत्पादन भएका कुनै पनि वस्तु हामीले उपभोग गर्न पाएका छैनौं। हाम्रो घर वा कोठामा भएका सम्पूर्ण वस्तु तथा सामग्री विदेशी नै पाइन्छ। हामी नेपाली नागरिकता बोक्छौं। विडम्बना, त्यहीँ नागरिकता राख्न प्रयोग गरिएको कपडा वा झोला चाहिँ विदेशबाट आयात गरिएको हुन्छ।

यहाँ मारवाडीहरुले लगानी गरेका छन्। हाल सञ्चालनमा रहेका अधिकांश निजी बैंक तथा वित्तीय संस्था मारवाडीहरुकै रहेको पाइन्छ। मुलुकको जनसंख्याको आधाभन्दा बढी मानिसको घरजग्गा, गाडी र शेयर यिनै बैंक तथा वित्तीय संस्थाको नाममा छ। प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओली, शेरबहादुर देउवा, पुष्पकमल दाहाल, माधवकुमार नेपाललगायत अन्य राजनीतिक दलका नेताहरु दिउँसो राष्ट्र र राष्ट्रियताको कुरा गर्छन्।

अनि बेलुका चाहिँ त्यही मारवाडीहरुसँग पैसा थाप्छन्। चुनावदेखि पार्टी कार्यक्रम गर्दा मारवाडीबाटै रकम उठाउँछन्। एमालेले मंसिर ७ गते लाखौं कार्यकर्ता सडकमा उतार्छु भन्छ तर एउटा पार्टी कार्यालय बनाउन चाँहि व्यापारी मीनबहादुर गुरुङको शरणमा पुग्छ। अनि लाखौं कार्यकर्ता उतार्न सक्ने दाबी गर्नेले पार्टी कार्यालय बनाउन चाहिँ उनीहरुबाटै एक-एक हजारौं रुपियाँ उठाउन सक्दैन त?

कि कार्यकर्ताले पार्टीमाथि नै विश्वास गर्दैनन्? नेताहरुले मुलुक विकास गर्ने नाममा जनतालाई भ्रममा पारेर आफ्नो स्वार्थ मात्र पूरा गरे। उनीहरु बाटो, विद्यालय, अस्पताल बनाएको दाबी गर्छन् तर नेताहरु आउनुअगावै यो बनिसकेको थियो। अनि कसरी उनीहरुले बनाए त? उनीहरुले भ्रुक्याएर उनीहरुले खर्बौंको सम्पत्ति जोडिसकेका छन्। राज्य र जनतालाई लुटेका छन्।

राज्यको सम्पत्तिको दोहन गरेका छन्। अनि हामी नै देश र जनताको संरक्षक खोक्रो भाषण गर्छन्। २०४६ सालपछि मुलुकमा राजनीतिक परिवर्तन भयो। त्यसपछिको सरकारले देशलाई विदेशी ऋणतर्फ धकेल्नुबाहेक केही काम गरेको पाइँदैन। उल्टै आफ्नै देशको भूभाग भारत र चीनलाई बेच्यो। सरकारी, सार्वजनिक जग्गा पनि व्यक्तिको नाममा लैजान दियो।

अहिले जनताका छोराछोरी विदेशमा छन्। गाउँदेखि शहरसम्म बुढाबुढी मात्र भेटिन्छन्। जनताका छोराछोरी विदेशमा रगतपसिना बगाएर नेपालमा रेमिट्यान्स पठाइरहेका छन्। त्यहीँ रेमिट्यान्समा दलका नेता र कर्मचारीहरुको मोजमस्ती चलेको छ। आफ्नो कार्यकर्ता भेला गरेर नेताहरु नेपाललाई सिंगापुर बनाउँछौं भन्दै भुठ्ठा भाषण गर्छन्। हामीले पनि अझै बुझ्न छैनौं कि हिजो देशमा विकास गर्ने नाममा सीधासाधा जनताका छोराछोरीलाई सडकमा ल्याएर मार्ने यिनीहरु नै हुन्।

मुलुक समृद्ध बनाउने, देशमै रोजगारी दिने भन्दै जनताका छोराछोरीलाई शहीद बनाए। अनि अहिले मोजमस्ती गरिरहेका छन्। अनि यस्ता पनि नेता र। यिनीहरु नेता होइनन् देश र जनता लुट्ने माफिया हुन्। अब हामी नागरिकले पनि यो बुझ्न ढिलो गर्नुहुन्न। अझै पनि नेताहरुमाथि विश्वास गरिहेमा यिनीहरुले नेपाल नै बेचिसक्छन् अनि हामीलाई पत्तो पनि हुँदैन।

२०४६ सालअघि एक जोर चप्पल र कपडा लगाउन नसक्ने यिनीहरुले अहिले खर्बौंको सम्पत्ति जोडिसकेका छन्। दशौं रोपनी जग्गामा महलजस्तो घर बनाएका छन्। अर्बौं पर्ने गाडीमा चढ्छन्। उनीहरुले लगाउने कपडा महँगा-महँगा हुन्छन्। अनि यति छोटो समयमै यिनीहरुले कसरी यत्रो सम्पत्ति जोडे? यसको जवाफ अब जनताले दिनैपर्छ।

देश र जनताको सेवा गर्छुभन्दै राजनीतिमा छिरेर लुट्नु लुटे। देशलाई २७ खर्ब विदेशी ऋण बोकाए। अनि जनताको महँगी र बेरोजगारीबाट ढाड सेकाए। त्यसैले, अब दलका नेता र कर्मचारीहरुको सम्पत्ति छानविन गरिनुपर्छ। जनताले तिरेको कर, विदेशी ऋण र रेमिट्यान्समा मोजमस्ती गर्ने यिनीहरुलाई देशबाटै लखेट्न आवश्यक भइसकेको छ। किनकि जबसम्म यिनीहरुलाई भगाइँदैन, तबसम्म नेपालमा केही पनि हुँदैन। पहिला देशमा एउटा राजा थिए तर अहिले ३६ हजार जनप्रतिनिधि छन्। उनीहरु राजाभन्दा भएका छन्। नेताहरुले हिजो राजाले देश सिध्यायो भन्दै जनतालाई सडकमा उतारे। उनीहरुलाई शहीद बनाए अनि आफू सत्तामा पुगे।

सत्तामा पुगेर के गरे? देश धितो राखेर विदेशीबाट ऋण लिए। जनतालाई छोराछोरीलाई विदेशमा बेचे। रेमिट्यान्समा मोजमस्ती गरे। अनि राज्यको सम्पत्तिको चरम दुरुपयोग गरे। यही हो यिनीहरुको उपलब्धी। नेताहरुको असली रुप बाहिर आइसकेको छ।

# उपनिर्वाचनका उम्मेदवारको अन्तिम नामावली प्रकाशन

काठमाडौं। निर्वाचन आयोगले मंसिर १६ गतेका लागि तय भएको स्थानीय तहको उपनिर्वाचनका उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरेको छ।

आयोगले निर्वाचन कार्यतालिका अनुसार बुधबार साँझ उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरेको हो।

आयोगले जिल्ला समन्वय समिति, नगरपालिका र गाउँपालिकाको प्रमुख, उपप्रमुख तथा अध्यक्ष, उपाध्यक्ष र वडा अध्यक्षका लागि उम्मेदवारी दिएका ४१० जनामध्ये ३ जना निर्विरोध निर्वाचित भएको र ३१ जनाले उम्मेदवारी फिर्ता लिएपछि ३७६ जना उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरेको हो।

उम्मेदवारको अन्तिम नामावली विवरण

| क.सं. | प्रदेश | जिल्ला | स्थानीय तह | रिक्त पद | वडा नं. | उम्मेदवारको मनोनयन दर्ता संख्या | उम्मेदवारको अन्तिम नामावली कायम भएको संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | कोशी | ताप्लेजुङ | सिरीजङ्घा गाउँपालिका | वडा अध्यक्ष | ३ | ५ | ५ |
| २ | कोशी | झापा | कन्काई नगरपालिका | वडा अध्यक्ष | ६ | ९ | ९ |
| ३ | कोशी | मोरङ | ग्रामथान गाउँपालिका | अध्यक्ष | | १६ | १६ |
| ४ | कोशी | तेह्रथुम | लालीगुराँस नगरपालिका | वडा अध्यक्ष | ८ | ८ | ७ |
| ५ | कोशी | सुनसरी | गढी गाउँपालिका | वडा अध्यक्ष | ६ | १४ | १२ |
| ६ | कोशी | ओखलढुंगा | मोलुङ गाउँपालिका | वडा अध्यक्ष | ५ | ८ | ६ |
| ७ | कोशी | उदयपुर | त्रियुगा नगरपालिका | वडा अध्यक्ष | १२ | ९ | ९ |
| ८ | कोशी | उदयपुर | बेलका नगरपालिका | वडा अध्यक्ष | ९ | ७ | ७ |
| ९ | मधेश | सप्तरी | डाक्नेश्वरी नगरपालिका | वडा अध्यक्ष | १ | ९ | ८ |
| १० | मधेश | सप्तरी | डाक्नेश्वरी नगरपालिका | वडा अध्यक्ष | ४ | ८ | ८ |
| ११ | मधेश | धनुषा | धनुषाधाम नगरपालिका | वडा अध्यक्ष | १ | २१ | २० |
| १२ | मधेश | महोत्तरी | रामगोपालपुर नगरपालिका | वडा अध्यक्ष | २ | २० | १८ |
| १३ | मधेश | रौतहट | ईशनाथ नगरपालिका | वडा अध्यक्ष | ७ | १५ | १४ |
| १४ | मधेश | रौतहट | राजपुर नगरपालिका | वडा अध्यक्ष | ६ | १४ | १२ |
| १५ | मधेश | रौतहट | गढीमाई नगरपालिका | वडा अध्यक्ष | ८ | १६ | १६ |
| १६ | बागमती | दोलखा | गौरिशंकर गाउँपालिका | उपाध्यक्ष | | १६ | १६ |
| १७ | बागमती | काठमाडौं | काठमाडौं महानगरपालिका | वडा अध्यक्ष | १६ | १९ | १८ |
| १८ | बागमती | काठमाडौं | कीर्तिपुर नगरपालिका | प्रमुख | | २० | २० |
| १९ | बागमती | काठमाडौं | कीर्तिपुर नगरपालिका | वडा अध्यक्ष | १ | ९ | ९ |
| २० | बागमती | काठमाडौं | कीर्तिपुर नगरपालिका | वडा अध्यक्ष | ४ | १३ | १२ |
| २१ | बागमती | नुवाकोट | ककनी गाउँपालिका | वडा अध्यक्ष | २ | ११ | ११ |
| २२ | बागमती | मकवानपुर | हेटौंडा उपमहानगरपालिका | वडा अध्यक्ष | १२ | १४ | १२ |
| २३ | गण्डकी | गोरखा | गोरखा नगरपालिका | वडा अध्यक्ष | ५ | १० | ९ |
| २४ | लुम्बिनी | गुल्मी | मुसिकोट नगरपालिका | वडा अध्यक्ष | १ | ८ | ८ |
| २५ | लुम्बिनी | कपिलवस्तु | शुद्धोधन गाउँपालिका | वडा अध्यक्ष | १ | १४ | १४ |
| २६ | लुम्बिनी | रोल्पा | रुन्टीगढी गाउँपालिका | वडा अध्यक्ष | ४ | ६ | ६ |
| २७ | लुम्बिनी | रुकुम (पूर्वी भाग) | पुथा उत्तरगंगा गाउँपालिका | उपाध्यक्ष | | ७ | २ |
| २८ | लुम्बिनी | रुकुम (पूर्वी भाग) | पुथा उत्तरगंगा गाउँपालिका | वडा अध्यक्ष | २ | ३ | १ |

## उपनिर्वाचनमा ..

संसदको चौथो ठूलो दल बन्न पुगेको छ। यो निर्वाचनमा यो नयाँ दलले पनि केही स्थानहरुमा उम्मेदवारी दिएको अवस्था छ।

यसैगरी गत स्थानीय निर्वाचनमा स्वतन्त्र उम्मेदवारहरुले विजयको माला पहिरिएको अवस्थामा अहिलेको उपनिर्वाचनमा पनि स्वतन्त्र उम्मेदवारहरुको संख्या उल्लेख्य छ। पछिल्लो निर्वाचनमा काठमाडौंबाट जितेका बालेन्द्र शाह (बालेन) र धरानबाट जितेका हर्क साम्पाङको नाम लिदै उम्मेदवारी दिनेहरुको संख्या पनि उल्लेख्य छ यद्यपि ती उम्मेदवारप्रति बालेन र हर्कले कुनै समर्थन पनि जनाएको अवस्था छैन।

यस्तो स्थितिमा देशका विभिन्न ४४ वटा पदमा उपनिर्वाचन हुन गैरहेको छ। यस्तो अवस्थामा खासगरी काठमाडौँ जिल्लाको कीर्तिपुर नगरपालिकाको प्रमुख, मोरङको ग्रामथाम गाउँपालिकाको अध्यक्ष लगायतका ठाउँहरुको निर्वाचन परिणामलाई ठूला दलहरुले प्रतिष्ठाको विषय बनाएका छन्। त्यसमा पनि कीर्तिपुरको निर्वाचनलाई लिएर बढी चासो देखाइएको छ।

कीर्तिपुर काठमाडौं अर्थात राजधानीसँग जोडिएको पालिका पनि हो। काठमाडौंमा यसअघि स्वतन्त्र उम्मेदवारले जितेको अवस्थामा कीर्तिपुरको अवस्था के होला भनी सर्वत्र बढी चासो दिइएको अवस्था छ। कीर्तिपुरका १० वडामध्ये ९ वटा वडामा कांग्रेसले जितेको थियो। त्यो बेला २५ वर्षदेखि एमालेले जित्दै आएको कीर्तिपुरमा काग्रेसका राज कुमार नकर्मीले सबै दलको उम्मेदवार परेको अवस्थामा पनि तीन हजार पाँच सय बढी मतान्तरले जितेका थिए।

त्यसैले उक्त विरासतलाई जोगाउन कांग्रेस लागि परेको अवस्था छ। यसैगरी एमाले पनि आफ्नो २५ वर्षे इतिहासलाई फर्काउने प्रयासमा छ। यस्तै, त्यो बेला राम्रो मत ल्याएको माओवादी केन्द्रले पनि अहिले जित निकाल्न बल गरिरहेको छ। माओवादी केन्द्र र राष्ट्रिय स्वतन्त्र पार्टी अहिले प्रतिपक्षमा रहेकाले कीर्तिपुरमा रास्वपाले उम्मेदवारी दिएको छैन। उसले घोषित रुपमा माओवादी केन्द्रका उम्मेदवारलाई समर्थन गरेको नभने पनि पछि गएर समर्थन जनाउने संभावना रहेको भनी स्रोतले दाबी गरेको छ।

उता, स्थानीय निकायको उपनिर्वाचनको सन्दर्भ पारेर आज शुक्रबार एमालेले काठमाडौँमा प्रदर्शनी गर्ने भएको छ। सत्तामा रहेको दलले गर्ने उक्त प्रदर्शनीलाई लिएर विभिन्न किसिमका टिप्पणी पनि भैरहेका छन्। उक्त दिन सामाजिक अभियन्ता दुर्गा प्रसाईंले काठमाडौंमा प्रदर्शनी गर्ने भनी सात महिनाअघि नै घोषणा गरेका थिए। उनले काठमाडौंको माइतीघर मण्डला क्षेत्रमा आफ्ना समर्थकहरुलाई उतार्ने भनी स्थानीय प्रशासनसँग अनुमतिका लागि माग गरे पनि उनले त्यो अनुमति पाएका छैनन्।

सोही दिन एमालेले पनि काठमाडौं उपत्यकाको चक्रपथ क्षेत्रभित्र प्रदर्शनी गर्ने भएकाले स्थानीय प्रशासनले प्रसाईंको समूहलाई चक्रपथ बाहिर प्रदर्शनी गर्न भनेको छ। प्रसाईं समर्थकहरुले प्रदर्शनी नै गरे भने पनि काठमाडौंको चक्रपथ क्षेत्रभन्दा बाहिर नै गर्ने अवस्था देखिएको छ।

उता, मंगलबार प्रसाईंलाई प्रहरीले साइबर क्राइम गरेको आरोपमा पक्राउ गरेको छ। सोमबार प्रसाईंले पत्रकार सम्मेलन गरी प्रधानमन्त्रीसमेत रहेका खड्गप्रसाद शर्मा ओलीमाथि विभिन्न आरोप लगाएका थिए। प्रसाईंले विभिन्न कागजात प्रस्तुत गर्दै ओलीले नेपाली रुपियाँ ३२ अर्बभन्दा बढी कम्बोडियामा लगानी गरेको दाबी गरेका थिए।

प्रसाईंको दाबीपछि ओलीमाथि विभिन्न प्रश्नहरु उठिरहेको अवस्थामा प्रहरीले उक्त कागजातहरुको आधिकारितामाथि प्रारम्भिक परीक्षण थालेको बताएको छ। यसरी परीक्षण गर्दा ती कागजातहरु सक्कली नरहेको भन्ने प्रारम्भिक अनुसन्धानबाट भेटिएको भनी सि.आई.बि.ले प्रसाईंलाई मंगलबार नै पक्राउ गरी कानूनी अनुसन्धानमा राखेको छ। उनलाई मंगलबार नै अदालतमा लगी अनुसन्धानको लागि म्याद थपको कानूनी प्रक्रिया शुरु गरिएको छ। प्रसाईंमाथि अनुसन्धान थालिएको तथा उनलाई हिरासतमै राखी कानूनी प्रक्रिया अघि बढ्ने अवस्था रहेमा उनका समर्थकले गर्ने भनिएको प्रदर्शनी रोकिन सक्ने पनि बताइएको छ।

# डिष्ट्रिक्ट ३२५ जे नेपालको दोस्रो क्याबिनेट बैठक

बागलुङ/ लायन्स इन्टरनेसनल मल्टिपल डिष्ट्रिक्ट ३२५ जे नेपालको दोस्रो क्याबिनेट बैठक यहाँ सम्पन्न भएको छ। नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालको प्रमुख आतिथ्यतामा सो कार्यक्रम गरिएको थियो।

उक्त अवसरमा डिष्ट्रिक्ट ३२५ जे नेपालका डिष्ट्रिक्ट गभर्नर लायन मिलन थापाले अगष्ट, सेप्टेम्बर र अक्टोबर महिनामा उत्कृष्ट हुन सफल लायन



लिडरहरुलाई पिन, मेडल तथा सर्टिफिकेट प्रदान गरी सम्मान गरेकी थिइन्।

सोही अवसरमा डिष्ट्रिक्टका विभिन्न पदमा सक्रिय लायन लिडरहरुलाई सम्मान तथा अवार्ड प्रदान गरिएको बताइएको छ प्रमुख अतिथि ढकालले लायन्स क्लबले गरेको सेवाका बारेमा बोल्दै क्लबले गर्ने सामाजिक कार्यहरुमा उद्योग वाणिज्य महासंघ सहकार्य गर्न तयार रहेको बताएका थिए।

धौलागिरी एरियाका सबै क्लबहरुको संयुक्त आयोजनामा भएको दोस्रो क्याबिनेट बैठक कार्यक्रममा मल्टिपल डिष्ट्रिक्ट हंगर कोअर्डिनेटर लायन योगेन्द्र प्रधान, फस्ट पर्सन तथा मल्टिपल डिष्ट्रिक्ट कन्भेन्सन चियरपर्सन लायन ध्रुवबहादुर थापा, आईपिडीजी लायन हरिप्रसाद मरहट्टा मन्तव्य राखेकी थिइन्। यसैगरी फस्ट भाइस डिष्ट्रिक्ट गभर्नर लायन मिलनबाबु मल्ल, सेकेन्ड भाइस डिष्ट्रिक्ट गभर्नर लायन प्रजापति बाँस्तोला, चिफ एडभाइजर लायन कुशप्रसाद मल्ली लगायतका लायन्स लिडरहरुले उपस्थित सबै लायन लिडरहरुलाई शुभकामना दिएका थिए। सामाजिक अभियन्ता प्रिन्सा रेग्मीले बालबालिका र अभिभावक बीचको सम्बन्धका बारेमा आफ्नो मन्तव्य दिएकी थिइन्।

क्याबिनेट सेक्रेटरी लायन कृष्णबहादुर अधिकारीले डिष्ट्रिक्टबाट भएका विभिन्न कार्यक्रमहरुको बारेमा संक्षित जानकारी गराएका थिए। त्यस्तै क्याबिनेट ट्रेजरर लायन कल्पना थापाले आय व्यय विवरण प्रस्तुत गरेकी थिइन्।

# एनएमबि बैंकले ५ जिल्लामा १४ ठाउँको घरजग्गा बेच्दै

काठमाडौं। एनएमबि बैंकले ५ जिल्लामा गैह्र बैकिङ्ग सम्पत्ति बिक्री गर्ने भएको छ। बैंकले ५ जिल्लाका १४ ठाउँको गैह्र बैंकिङ्ग (घरजग्गा) सम्पत्ति लिलाम बिक्रीमा राखेको हो। बैंकको स्वामित्वमा रहेका सुनसरी, मोरङ, सिराहा, दैलेख र रुपन्देहीका विभिन्न




ठाउँमा रहेको घरजग्गा बिक्रीमा राखेको हो। सुनसरीमा ३ कित्ता, मोरङमा एक कित्ता, सिराहामा ३ कित्ता, दैलेखमा ३ कित्ता र रुपन्देहीमा चार वटा कित्ता गरी १४ वटा कित्ता बिक्रीमा राखेको हो।

उक्त सम्पत्ति जे जस्तो अवस्थामा सोही अवस्थामा बिक्री गरिने बैंकले जनाएको छ। उक्त सम्पत्ति खरिद गर्न इच्छुक १५ दिनभित्र बोलपत्र पेस गर्नुपर्नेछ।

स्व. बलभद्र पोखरेल
जन्म २०००/०१/२३
स्वर्गारोहण २०८१/०७/१७



यस इनरुवा सेवा समाज नेपाल कार्यसमितिका उपाध्यक्ष श्री पुस्कर पोखरेल एवं समाजका सक्रिय सदस्य श्री चण्डिका पोखरेल, श्री कमला पोखरेल घिमिरे, श्री विमला पोखरेल कोइराला, श्री निर्मला पोखरेल सापकोटा र श्री निशिला पोखरेल निरौलाका पुज्य पिता एवं श्री संगीता भण्डारी पोखरेल र श्री मन्जु कोइराला पोखरेलका ससुरा साथै श्री राधादेवी पोखरेल र स्व. श्री सितादेवी पोखरेलका पति गीतामार्गी, समाजसेवी स्व. बलभद्र पोखरेलको यहि मिति २०८१ कात्तिक १७ गते स्वर्गारोहण भएकोले वहाँको चिरशान्ती एवं गोलोक प्रस्थानको कामना गर्दै भावपूर्ण श्रद्धासुमन ब्यक्त गर्दछौं।

वहाँले गर्नुभएको सामाजिक तथा धार्मिक कार्यको उच्च सम्मान एवं वहाँको कीर्ति चिरकालसम्म फैलिरहोस भनी कामना गर्दछौं।

गोपाल प्रसाद पोखरेल
अध्यक्ष
तथा
इनरुवा सेवा समाज नेपाल परिवार
काठमाण्डौं, नेपाल
मितिः २०८१ कार्तिक २३ गते।

# प्रवासी नेपाली मञ्च क्यानडामा धिताल



काठमाडौं/ प्रवासी नेपाली मञ्च क्यानडाको अध्यक्षमा रमेश धिताल सर्वसम्मत रुपमा चयन भएका छन् । शनिबार भएको मञ्च क्यानडाको चौथो अधिवेशनले सम्पूर्ण कार्यसमिति सर्वसम्मत चयन गरिएको निर्वाचन मण्डलका सचिव रविन्द्रराज घिमिरेले जानकारी दिए ।

समितिको उपाध्यक्षमा मदन अधिकारी, सचिवमा सन्दीप पौडेल, उपसचिवमा कृष्ण पराजुली र विमला कार्कीलाई चयन गरिएको छ । यसैगरी २५ सदस्यीय कार्य समितिको सदस्यहरुमा लोक गुरुङ, के.पी. पन्त, सुदर्शन अधिकारी, सुजन खतिवडा, राजन पाइजा, दुर्गा के.सी. र अरविन पौडेललाई चयन गरिएको जनाइएको छ । यस्तै राजु भट्टराई, रिंकु भट्टराई, प्रकाश ढकाल, दिनेश विष्ट, महेश विष्ट, सुदर्शन सापकोटा, सुरेश भट्टराई, हिमाल अर्याल, तारा लामिछाने, उद्धिम न्यौपाने लगायतलाई सर्वसम्मत रुपमा चयन गरिएको जनाइएको छ ।

अधिवेशनको उद्घाटन कार्यक्रमका प्रमुख अतिथि प्रवासी नेपाली मञ्च अन्तर्राष्ट्रिय कमिटीका सचिवालय सदस्य तथा अमेरिका रिजन ईन्चार्ज प्रभुराम थापा रहेका थिए । यसैगरी विशेष अतिथि प्रवासी नेपाली मञ्च अन्तर्राष्ट्रिय कमिटी सदस्य तथा महिला विभाग सदस्य कुन्ती थापा, विभाग उपप्रमुख जानकी कार्कीले शुभकामना मन्तव्य व्यक्त गरेकी थिइन् ।

यसैगरी एनआरएनए आईसीसीका सहकोषाध्यक्ष अभिमन्यु बस्नेत, प्रवासी नेपाली मञ्च क्यानडाका सल्लाहकार संयोजक तथा पूर्वअध्यक्ष रमेश थापा, एनआरएनए आईसीसी सदस्य हेमराज पाण्डे, जी.पी. फाउण्डेसनका अध्यक्ष के.पी. निरौला, एनबीडीएका अध्यक्ष सुरेश गौतमले पनि शुभकामना मन्तव्य राखेका थिए । यस्तै, समाजसेवी सीता संग्रौला, एनआरएनए क्यानडाका उपाध्यक्ष किरोज श्रेष्ठ, महासचिव चन्दा अधिकारी, एनसीएनसीका अध्यक्ष दिनेश खतिवडा, एनसीसीएसका चेयर पर्सन डा. थमनाथ अधिकारी, नेपाल हाउसका अध्यक्ष भूमिराज घिमिरे, पीएनसीसीका चेयर पर्सन केदार बस्नेत, एनसीएचसीका अध्यक्ष लीला भण्डारी, टीएनएससीका अध्यक्ष रविन्द्र लम्साल र एनपीआरसीका अध्यक्ष नेत्र भट्टराईले पनि मन्तव्य राखेका थिए । यस्तै, व्यवसायी डा.पूर्ण कंडेल, चितवन सोसाइटीका हरि भुसाल, एनआरएनए क्यानडाका पूर्वअध्यक्ष तथा रेडियो संचालक अनिल थापा, नेपाली जनसम्पर्क समितिका सुरेश रजौरे, लाली गुराँस स्पोर्ट्स क्लबका अध्यक्ष क्रिजल के.सी. लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

# ढुंगानालाई राष्ट्रिय सम्मान



काठमाडौं/ पूर्वसभामुख दमननाथ ढुंगानाको पशुपति आर्यघाटमा सोमबार अन्त्येष्टि गरिएको छ । ढुंगानाको राजकीय सम्मानका साथ अन्त्येष्टि गरिएको हो ।उनका छोराहरु निमेष र निशेषले ढुंगानको पार्थिव शरीरमा दागबत्ती दिए ।

उनको पार्थिव शरीरलाई प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीले राष्ट्रिय झण्डा ओढाएर श्रद्धाञ्जली अर्पण गरेका थिए ।अन्तिम श्रद्धाञ्जलीका लागि उनको शवलाई काठमाडौंको सानोगौचरनमा राखिएको थियो ।

श्रद्धाञ्जली अर्पण गर्न पूर्वराष्ट्रपति डा.रामवरण यादव, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा ( माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल, एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, जसपाका अध्यक्ष उपेन्द्र यादव लगायतकानेताहरु पुगेका थिए ।

अन्त्येष्टिका क्रममा नेपाली सेनाको टोलीले सलामी अर्पण गर्नुका साथै शोक धुन बजाएको थियो ।

कलेजो सम्बन्धी समस्यामा रहेका ८३ वर्षका ढुंगानाको उपचारका क्रममा आइतबार दिउँसो निधन भएको थियो ।मन्त्रिपरिषद् बैठकले ढुंगानाको निधनको शोकमा सोमबार देशभर सार्वजनिक बिदा दिने निर्णय गरेको थियो ।

वरिष्ठ अधिवक्ताका रुपमा समेत रहेका ढुंगाना २०४८ सालदेखि २०५१ सम्म सभामुख थिए ।

यसैबीच उनी आवद्ध कांग्रेसले पूर्वसभामुख एवं पार्टीका नेता दमननाथ ढुंगानाको निधनको शोकमा मंसिर ३ र ४ गते केन्द्रीय कार्यालयमा पार्टीको झण्डा आधा झुकाएको थियो ।सोमबार बिहान बसेको पार्टी केन्द्रीय कार्य समितिको आकस्मिक बैठकले स्वर्गीय ढुंगानाप्रति शोक प्रस्ताव पारित गरेको थियो । यसैगरी मंगलबार पार्टीको केन्द्रीय कार्यालय बन्द गरेको थियो ।१३ औं पुण्यतिथिको दिन पार्टी केन्द्रीय कार्यालयमा शोकसभा आयोजना गर्ने निर्णय पनि गरेको कांग्रेसले जनाएको छ ।








KEEN
SMART LIVING

दूर दृष्टि डिजिटल प्रा.लि.

जाडो मौसममा चिसोबाट बचौं

- जाडोबाट बच्न बाक्लो तथा न्यायो कपडा लगाऔं,
- तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- बालबालिका तथा बृद्धबृद्धालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङवाक नगरौं,
- दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


Chief-Editor/Publisher : **Koushal Kumar Bhattarai,** Editor : **Krishna Lamsal** Executive Editor : **Piamani Bhattarai,** Legal Advisor : **Advocate Hari Sharan Jamakatel,**
Chief Reporter: R. Aryal, International News Coordinator: S. Bhattarai,, I.T. Chief: Spandan Bhattarai, Computer Designer: Roshan Gyewali, Press :- Saptarshi Publication, Mitrapark , Kathmandu
Main Office : **Madhyapur Thimi- 3, Bhaktapur, Kathmandu Office-Babar Mahal, Kathmandu,** Phone :- 977-1-5367064, Email : **nayabimarsha@gmail.com**